का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १८, अंक १५९
- २९ साउन २०७७, बिहीबार
- 13 August 2020, Thursday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/–

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: बुधबारबार साँझसम्म**

| नेपालमा | संक्रमित | निको भएको | परीक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|
| | २४४३२ जना | १६७२८ जना | ४७३१७९ जना | ७६१३ जना | ९१ जना |

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

| विश्वभर | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| | २ करोड ६ लाख ३ हजार | १ करोड ३५ लाख ४ हजार | ७ लाख ४७ हजार | ६३ लाख ५० हजार |

स्रोत : वर्ल्डोमिटर डटकम

# एकैदिन दश जनाको मृत्यु

धनुषा ३ जना | काठमाडौं १ जना | धादिङ १ जना | सप्तरी १ जना | मोरङ १ जना | कपिलवस्तु १ जना | बारा १ जना | महोत्तरी १ जना

## ■राजधानी अहिलेसम्मकै उच्च संक्रमित ■थप ४८४ जनामा संक्रमण, ६४ डिस्चार्ज

**राजधानी उपत्यका सहित धनुषा, बारा, सप्तरी, कपिलवस्तु गरी दश जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ । यो संख्या अहिलेसम्मकै उच्च हो । ४८४ जना संक्रमित थपिएको बुधबार उपत्यमा मात्रै १३८ जनामा संक्रमण पुष्टि भएको छ ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन ।

कोभिड-१९ को संक्रमणबाट बुधबार एकै दिन दश जनाको मृत्यु भएको छ । एकै दिन यति ठूलो संख्यामा मृत्यु भएको यो अहिलेसम्मकै उच्च हो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, धनुषाका मात्रै तीन जनाको मृत्यु भएको छ ।

राजधानीस्थित मेडिसिटी, पाटन र ह्याम्स अस्पतालमा उपचारका क्रममा ती संक्रमितको मृत्यु भएको हो । ३२ वर्षीय पुरुष, ७१ वर्षीय पुरुष र ३० वर्षीय महिलाको संक्रमणबाट मृत्यु भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।

काठमाडौंका ७८ वर्षीय पुरुषको पनि मृत्यु भएको छ। किष्ट अस्पतालमा उपचार हुँदै गर्दा संक्रमित पुरुषको मृत्यु भएको हो । यस्तै सप्तरी राजविराजका ७२ वर्षीय पुरुषको मृत्यु भएको छ । उनको साउन २७ गते उपचारकै क्रममा मृत्यु भएको हो ।

कपिलवस्तुका ४२ वर्षीय पुरुषको भने बुधबार मृत्यु भएको हो । बारा कलैयाका ७५ वर्षीय पुरुषको मंगलबार साँझ मृत्यु भएको थियो । स्वास्थ्य मन्त्रालयले प्रमाणित गर्न बाँकी रहेपनि बुधबार नै धादिङका ३२ वर्षीय पुरुषको संक्रमणबाट मृत्यु भएको छ । मृत्यु पछि कोरोना रिपोर्ट पोजिटिभ आएको हो । महोत्तरीको मटिहानी नगरपालिका-६ का ५२ वर्षीय पुरुषमा संक्रमणबाट मृत्यु भएको छ । बुधबारसम्म ९१ जनाले कोरोनाबाट जीवन गुमाएका छन् ।



*जिल्ला अस्पताल दार्चुला पुगेकी महिला डाक्टर पूजा बम, अस्पतालको ओपिडीमा बिरामीको स्वास्थ्य परीक्षण गर्दै । तस्वीर : नरेन्द्रसिह कार्की*


### १० हजार परीक्षण

२४ घण्टामा थप ४८४ जनामा कोरोना संक्रमण पुष्टि भएको मन्त्रालयले जनाएको छ । २४ घण्टामा १० हजार ४८१ जनाको पिसिआर परीक्षण गर्दा ४८४ जनामा कोरोना संक्रमण देखिएको मन्त्रालयका प्रवक्ता प्राडा जागेश्वर गौतमले बताए । बुधबार थपिएको सहित संक्रमित संख्या २४ हजार ४३२ पुगेको छ ।

उपत्यकामा मात्रै थप १३९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । काठमाडौंमा मात्र १०९ जना संक्रमित थपिएका छन् । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकुमा गरिएको परीक्षणमा १०, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा गरिएको परीक्षणमा २९, पाटन अस्पतालमा गरिएको परीक्षणमा ११, वीर अस्पतालमा गरिएको परीक्षणमा दुई, त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालमा गरिएको परीक्षणमा ११ र नेपाल प्रहरी अस्पतालमा गरिएको परीक्षणमा २२ जनामा संक्रमण भेटिएको मन्त्रालयले जनाएको छ । पछिल्लो समय कोरोना भाइरस मुक्त भएर ६४ जना बाँकी पृष्ठ २ मा

# 'गृहमन्त्रीले हो कानून मिच्ने, भन्थे देउवा'

**महाधिवेशनको मिति नजिकिदै गर्दा नेपाली काँग्रेसभित्र आरोप-प्रत्यारोप बढेको छ । संस्थापन र इतर समूह महाधिवेशन आफ्नो पक्षमा पार्ने दाऊ लाग्दा यस्तो प्रवृत्ति हाबी भएको हो । न्यूज एजेन्सी नेपालसँग बरिष्ठ नेता रामचन्द्र पौडेलले विधान मिच्ने प्रवृत्ति बहादुरी नभएको बताएका छन् ।**



**काठमाडौं, एएनएस–** नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टी सभापति देउवामा विधान मिच्दा बहादुर ठहर्छु भन्ने मानसिकता रहेको टिप्पणी गरेका छन् । सभापति देउवाले विधान मिचेर पटक पटक विभागहरु गठन गरेको सम्बन्धमा ध्यानाकर्षण गराइएको तर, विधान जति मिच्न सक्यो त्यति बहादुर र बलवान ठहर्छु भन्ने मानसिकता रहेको पाइएको टिप्पणी पौडेलले गरे ।

नेता पौडेलले विधान मिच्दा आफु बहादुर ठहर्छु भन्ने मानसिकता सभापति देउवामा देखिएको बताए । विधान मिचेर बहादुर देखाउन खोज्ने प्रवृत्तिका कारण पार्टी प्रजातान्त्रिक हो कि होइन भन्ने खतरा बढेको बताए ।

उनले भने, "हामीले बारम्बार पार्टीलाई विधानमा ल्याउन पार्टी सभापतिलाई ध्यानाकर्षण पटक पटक गर्दै आयौं । तर नेपाली कांग्रेस भित्र कस्तो भएको छ भने विधान मिच्नु बहादुरी हो जस्तै हाम्रो सभापतिलाई लाग्छ की ? विधान मैले जति मिच्न सके म त्यति बलवान सभापति ठहर्छु भन्ने उहाँको मानसिकता छ जस्तो मलाई लाग्छ । त्यसले यो पार्टी डेमोक्रयाटिक पार्टी नै हो की होइन भन्ने खतरातिर जान लाग्यो भनेर हामी चिन्तित भएको हो ।"

सभापति देउवालाई विधान मिच्ने बानि परिसकेको पौडेलले बताए । आफु बहादुर हुँ भन्ने भ्रम भएकाले सभापतिले पटकपटक विधान मिचेर विभागहरु गठन गरेको टिप्पणी पौडेलले गरे । पौडेलले भने, "यो मिच्ने बानीपर्‍यो । हाम्रो सभापति मैले जे गरेपनि हुन्छ भन्ने सोच्नुहुन्छ । मलाई सम्झना छ यो देशमा कानून तोड्यो भने गृह मन्त्रीले तोड्छ म गृहमन्त्री भएको हुनाले मैले हो तोडने कानून भनेर बोलेर धाक लगाएर हिंडनुहुन्थ्यो, एक ताका । उहाँलाई जे बोलेपनि सबैले हाँसेर लिइदिन्थे ।"

पार्टीको महाधिवेशन समयमै गर्न नसके पार्टी संकटमा पर्न सक्छ भन्दै आफुले ३ वर्ष अघि देखि कार्यतालिका बनाएर काम गरौं भनेको तर सभापति देउवाले नमानेको पौडेलले बताए । महाधिवेशन गर्ने समयमा असाधारण स्थिति भयो भन्दै पछाडि धकेलेको र अहिलेको असाधारण अवस्थामा गर्न लागिएको महाधिवेशनमा विधान मिच्दै महाधिवेशनलाई प्रभाव पार्न खोजेको बताए ।

चार वर्षमा महाधिवेशन गर्न नसक्ने सभापति अहिले कामचलाउ मात्रै भएकाले कुनैपनि निर्णय एक्लै गर्न नसक्ने पौडेलले बताए । "अहिले उहाँलाई धमाधम मान्छे नियुक्त गर्नुछ । मान्छे भर्ना गरेर नाम पत्रिकामा छपाएर चार वर्षसम्म उहाँको कार्यकाल सकिएपछि उहाँ कामचलाउ सभापति भइसकेपछि यो कामचलाउ कार्यसमितिले यो गर्न मिल्छ ? यो कुरा हामी भनिरहेका छौं की यसरी धज्जि नउडाऔं । विधानको धज्जि नउडाऔं", पौडेलले भने ।

फागुन ७ गतेका लागि मिति तोकेर महाधिवेशनको तयारी सुरु भएकोले अहिले देखिनै आचारसंहिता सबैलाई लाग्ने बताए । पार्टीमा विधान बाँकी पृष्ठ २ मा

# 'बाध्यताको वैदेशिक रोजगार अन्त्य गरिने छ'

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन

प्रधानमन्त्री केपी शर्मा ओलीले रोजगारीका लागि बाध्यताले विदेश जाने हालको प्रवृत्ति अन्त्य गर्ने गरी सरकारले काम गरिरहेको बताएका छन् । राष्ट्रिय युवा परिषद्ले अन्तर ाष्ट्रिय युवा दिवस २०७७ को अवसरमा बुधबार आयोजना गरेको कार्यक्रमलाई विद्युतीय माध्यमबाट सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले छनोट र रहरले बाहेक आगामी केही वर्षपछि कोही पनि नेपाली युवा युवतीहरु विदेश जानु नपर्ने दावी गरे । 'विश्व अभियानका लागि युवा सहभागिता: रोजगारी प्रवर्द्धन र वातावरण संरक्षणमा युवा संलग्नता' भन्ने मूल नाराका साथ यस वर्षको युवा दिवस मनाइएको हो ।

नेपाल प्राकृतिक साधन र श्रोतले भरिपूर्ण रहेको भन्दै प्रधानमन्त्री ओलीले साधन श्रोतको उपयोग गरेर स्वदेशमै रोजगारी सिर्जना गरिने बताए । 'देश प्राकृतिक र अन्य विविध क्षेत्रमा सम्पन्न छ,' प्रधानमन्त्री ओलीले भने, 'यस्तो सम्भावनायुक्त देश आर्थिक रुपमा पछाडि पर्नु बिडम्वनापूर्ण छ, अब नेपाली यूवाहरु निरास नभई नेपालीले देखेका सपना साकार बनाउन लाग्नुपर्छ ।'

रोजगारीका लागि नेपाली युवाहरुको सीप, क्षमता विकास गर्न सरकारले विभिन्न क्षेत्रमा नीति र योजना बनाएर काम गरिरहेको दावी गर्दै प्रधानमन्त्री ओलीले युवाहरुलाई रोजगारी प्रदान गर्नका लागि करिब ७६ अर्ब बजेट विनियोजन गरेको उल्लेख गरे । शुसासन र मुलुकको दीगो विकास लक्ष्य प्राप्त गर्न युवाहरुको ठुलो भूमिका रहने भन्दै प्रधानमन्त्री ओलीले नेपाली युवाहरुले अन्तर ाष्ट्रिय क्षेत्रमा पनि आफ्नो क्षमता देखाई पहिचान र भूमिका बनाउन सफल भएको दावी गरे ।

आफ्नो नेतृत्वको वर्तमान सरकारले 'समृद्ध नेपाल र सुखी नेपाली' भन्ने राष्ट्रिय आकाँक्षा पूरा गर्ने लक्ष्य लिएको भन्दै प्रधानमन्त्री ओलीले युवाहरुको सक्रियताबाट मात्र उक्त लक्ष्य बाँकी पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

### मलेसियामा सुरक्षागार्ड कुट्नेलाई चार महिना जेल

**काठमाडौं/मस–** मलेसियामा नेपाली सुरक्षागार्ड ईस्लाम हुसेनलाई कुटपिट र दुर्व्यवहार गर्ने राम गोपाल मुराउलाई चार महिना जेल सजाय भएको छ । मलेसियाको तल्लो अदालतका न्यायाधीश वाङ चाई सियाले मंगलबार उक्त सजाय सुनाएका हुन् ।

मुराउले हुसेनलाई कुटपिट गरेपछि मलेसियामा उक्त घटनाको व्यापक चर्चा भएको थियो । सामाजिक सञ्जालमा सार्वजनिक भएको ४४ सेकेण्ड लामो भिडियोमा मुराउले ईस्लाममाथि बाँकी पृष्ठ २ मा

### यूएईबाट १४ हजार नेपाली आए

**काठमाडौं/मस–** संयुक्त अरब इमिरेट्स (यूएई) बाट चार्टर उडान शुरु भएको करिब साढे दुई महिनामा १३ हजार ७८५ जना नेपाली स्वदेश फर्किएका छन् । अबुधाबीस्थित नेपाली दूतावासले मंगलबार एक सूचना जारी गरी उक्त अवधिमा २६ वटा नेपालीका शव पनि स्वदेश पठाएको उल्लेख गरेको छ ।

सरकारले रोजगारी गुमाई बाध्यतावश फर्किनुपर्ने नेपालीका लागि गत जुन महिनादेखि चार्टर उडानको अनुमति दिएको थियो । यूएईमा नेपालीहरुले २८ अप्रिलदेखि अनलाइन रजिष्ट्रेशन फाराम भरी स्वदेश फर्किने इच्छा देखाएका थिए । दूतावासले मंगलबारसम्म ४२ हजार नेपालीले घर फर्किन आवेदन दर्ता गराएको बताएको छ । ईमेल र टेलिफोनमार्फत नेपाल फर्किन नाम टिपाउनेहरुको संख्या थप पाँच हजार हाराहारीमा रहेको दूतावासले बताएको छ ।

# सम्वाद समेत रोकियो

**पार्टी विभाजनको नजिक पुगेको सत्तारूढ नेकपाका दुई अध्यक्ष बीच एक सातादेखि सम्वाद समेत रोकिएको छ । अध्यक्ष प्रचण्ड आइसोलेसनमा छन् भने प्रधानमन्त्री ओली आफू निकटहरूसँग सम्वाद तथा अनौपचारिक सम्वादमा छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन ।

सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का अध्यक्षहरु केपी शर्मा ओली र पुष्पकमल दाहाल प्रचण्ड बीच सम्वाद समेत रोकिएको छ । गएको बुधबार प्रचण्ड, बरिष्ठ नेता झलनाथ खनाल, बरिष्ठ नेता माधवकुमार नेपाल, प्रवक्ता नारायणकाजी श्रेष्ठले पत्रकार भेटघाट कार्यक्रम राखेपछि सम्वाद रोकिएको छ । साउन १८ गतेदेखि दिनु दुई अध्यक्ष बीच भेटवार्ता हुँदै आएको थियो । तर, आफू इतरका समूहले पत्रकारहरुसँग पार्टीभित्रको विवादबारे जानकारी दिएपछि सम्वाद समेत रोकिएको छ ।

प्रचण्डलाई मनाउन महासचिव बिष्णुप्रसाद पौडेल, संसदीय दलका उपनेता सुवास नेम्वाङ, प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेल सक्रिय थिए । तर, प्रचण्ड निवासमा आवत-जावत नै बन्द गरिएपछि भने सम्वाद हिनताका अवस्था आएको छ । महासचिव पौडेलको सुरक्षार्थ खटिएका प्रहरीमा संक्रमण देखिएपछि झनै समस्या आएको छ ।

### ■आफ्नाहरुसँग प्रधानमन्त्री

प्रधानमन्त्री ओली भने आफू निकटका नेताहरुसँग भेटवार्तामा व्यस्त छन् । बुधबार आफू निकट नेता माधव ढुंगेल उपाध्यक्ष रहेको राष्ट्रिय यवा परिषदले गरेको कार्यक्रममा प्रधानमन्त्री ओली सहभागी भएका थिए ।

भर्चअल सम्बोधन गरेका प्रधानमन्त्री ओलीले रोजगारीका लागि युवा विदेशिनुपर्ने बाध्यताको अन्त्य गरिने बताए । प्रधानमन्त्री ओलीले केही वर्षभित्र रोजगारीका लागि विदेशिनुपर्ने बाध्यताको अन्त्यका लागि सरकारले रणनीति बनाइरहेको बताए ।

"छनोटका हिसावले बाहिर जाने कुरा बेग्ले हो । देश निर्माण गर्ने शक्ति बाहिर जाने खुशीको कुरा होइन" प्रधानमन्त्रीको भनाइ थियो, "तर बाध्यताका हिसाबले बाहिर जाने अन्त्य गर्ने रणनीतिका साथ काम गरिरहेका छौं । चाँडै नै ठोस योजना ल्याउने छौं ।"

सीप र जोसजाँगर भएको बेला रोजगारीका लागि विदेशिनुपर्ने बाध्यता रहेको उल्लेख गर्दै युवालाई स्वदेशमा नै पर्याप्त रोजगारीका अवसर सिर्जना गरिने बताए । प्रधानमन्त्री ओलीले युवाको विकास, रोजगारीको अवसर, ज्ञान, सीप र क्षमता देशभित्र नै भरपुर प्रयोग गरेर मुलुकलाई अगाडि बढाउने बताए ।

युवा देश विकासको सहयात्री भएकाले उनीहरुको जुन क्षेत्रमा रुचि र ज्ञान छ सोही क्षेत्रमा उपयोग गरिने समेत प्रधानमन्त्री ओलीले बताए । "नवप्रवर्तनकारी, ज्ञान, सीप भएको बाँकी पृष्ठ २ मा

# पत्रकार बानियाँ मृत भेटिए



**काठमाडौं/मस-** सोमबारदेखि सम्पर्कविहीन 'कान्तिपुर' दैनिकका सहायक सम्पादक बलराम बानियाँको शव मकवानपुरमा फेला परेको छ। भीमफेदी गाउँपालिकाको सिस्नेरीस्थित माण्डु जलविद्युत् आयोजनाको फिल्टरको जालीमा अड्किएका अवस्थामा बानियाँको शव फेला परेको हो । महानगरीय अपराध नियन्त्रण महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक थापाका अनुसार मंगलबार बिहानै शव फेला परेको थियो । पानी परिरहेको र जालीमा अड्किएकाले प्रहरीलाई शव निकाल्न समेत निकै मुश्किल भएको थियो । साँझ मात्रै शव निकालेर राति परीक्षणका लागि हेटौँडा अस्पतालमा लगिएको मकवानपुरका प्रहरी उपरीक्षक सुशीलसिंह राठौरले जानकारी दिए। आज मात्रै शवको सनाखत भएको बताइएको छ । पत्रकार बानियाँ पहिले लामो समय 'कान्तिपुर' दैनिकमा काम गरी बीचमा ' नागरिक' दैनिकमा केही समय गएका थिए। त्यसपछि पुनः फर्किएर कान्तिपुरमा कार्यरत थिए ।

एसएसपी थापाका अनुसार यही साउन २६ गते बल्खुस्थित खोलामा चिप्लिएर लडेपछि उनी बेपत्ता भएका थिए। पानीको बहाब बढी भएकाले उद्धार प्रयास सफल हुन सकेन । तत्कालीन समयमा उनको पहिचान हुन सकेको थिएन।

प्रहरीका अनुसार सोमबार अपराह्न ३ बजे पत्रकार बानियाँ बल्खुमा हिँडिरहेका अवस्थामा देखिएका थिए । सोमबार ३:२३ बजेको सिसी क्यामेरा फुटेजमा उनी हल्लिएर हिँड्दै गरेको देखिएको प्रहरीले जनाएको छ ।

कोभिड-१९ को जोखिमका समयमा मास्क नलगाई हिँडेको देखेपछि त्यसबेला प्रहरीले कहाँ जान लागेको भनेर सोधखोजसमेत गरेको थियो । पत्रकार बानियाँले तीनकुनेस्थित घर जान लागेको भनी जवाफ फर्काएका थिए । प्रहरीले राम्ररी सुरक्षित भएर घर जानसमेत सुझाएका थिए तर उनी माथि लाग्नुपर्नेमा खोलातिर लागेको स्थानीयवासीको भनाइ उद्धृत गर्दै प्रहरीले जनाएको छ। उक्त घटना सोमबार अपराह्न १५:४५ बजेतिरको हो । त्यसपछि तत्कालै नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाले समेत खोजी गर्दा फेला पार्न सकेनन्। घटनास्थलमा जुत्ता भने फेला परेको थियो ।

खोला किनारमा भेटिएको जुत्ता भने छोरीले पहिचान गरेको महानगरीय प्रहरी परिसरका प्रमुख एसएसपी श्यामलाल ज्ञवालीले बताएका छन् । छोरी सुस्मिताले सिसी टिभी फुटेज हेरेपछि बानियाँलाई नदीले बगाएको पहिचान खुलेको थियो । पत्रकार बानियाँ घरबाट भने साउन २५ गते नै निस्किएका महाशाखाले जनाएको छ । त्यस दिन उनी काठमाडौंको ढुङ्गेअड्डास्थित तीनथानामा रहेको आफन्तकहाँ बसेको खुलेको छ । त्यहाँबाट भोलिपल्ट अपराह्न साढे १२ बजे उनी त्यहाँबाट हिँडेका थिए । त्यसदिन अपराह्न १ बजे कलङ्कीबाट मोबाइल अफ भएको पाइएको छ। मंगलबार परिवारबाट महाशाखामा खोजतलासका लागि निवेदन परेपछि मात्रै महाशाखाले उनलाई नै वाग्मतीले बगाएको भन्ने यकिन गरेको थियो। खोला किनारमा पुगेपछि जुत्ता अड्किएको र मान्छे खोलामा खसेको प्रत्यक्षदर्शीले बताएका छन् । तत्कालै स्थानीय तथा प्रहरीले उद्धार प्रयास गरे पनि सफल हुन सकेन ।

### बाँधमा अल्झिएको अवस्थामा फेला

भीमफेदी गाउँपालिका वडा नम्बर ८ स्थित माण्डु हाइड्रोपावरको बाँधमा अल्झिएको अवस्थामा फेला परेको शवको सनाखत भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ। अपराध अनुसन्धान महाशाखा काठमाडौंले बानियाँको परिवारलाई तस्वीर देखाएपछि परिवारले शव पुष्टि गरेका थिए। सोही आधारमा आफूहरुले शवको सनाखत गरेको प्रहरी प्रवक्ता इन्द्रबहादुर रानाले बताए ।

दुई दिनदेखि घर नफर्किएपछि परिवारले महानगरीय प्रहरी परिसर काठमाडौं र अपराध अनुसन्धान महाशाखामा उजुरी दिएको थियो । विसं २०२७ जेठ १५ गते तनहुँ जिल्लाको भानु नगरपालिकामा जन्मिएका बानियाँ काठमाडौं महानगरपालिका वडा नम्बर ३२ सुविधानगरमा बस्दै आएका थिए । बानियाँ नेपाल पत्रकार महासंघका पूर्वसचिवसमेत हुन् ।

### छानविनको माग

नेपाल पत्रकार महासंघले बानियाँको दुखद निधनले तब्ध भएको जनाएको छ ।

महासचिव रमेश विष्टले बुधबार एक विज्ञप्ति जारी गर्दै बानियाँको रहस्यमय ढंगले भएको निधनबारे गहिरो छानविन गरी सत्यतथ्य सार्वजनिक गर्न सरकारसँग माग गरेको छ ।

पत्रकार बानियाँले पत्रकारिता क्षेत्रमार्फत लोकतन्त्र, मानव अधिकार, विधिको शासन, प्रेस स्वतन्त्रता, पत्रकार सुरक्षा तथा नागरिक अधिकारको पक्षमा पुऱ्याएको अतुलनीय योगदानको उच्च कदर गर्दै महासंघले दिवंगत बानियाँप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेको छ । साथै महासंघले शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना समेत व्यक्त गरेको छ ।

# राप्रपामा सुझाव प्रतिवेदन पेश गर्न समिति गठन







**काठमाडौं/मस-**राष्ट्रिय प्रजातन्त्र पार्टीले पार्टी एकीकरणसम्बन्धि आधारपत्रमा उल्लेख गरिएका विषयको कार्यान्वयनका लागि ६ सदस्यीय सुझाव समिति गठन गरेको छ । बुधबार बसेको पार्टीका अध्यक्षत्रयको बैठकले पार्टी एकिकरण सम्बन्धि आधारपत्रमा उल्लेखित बिषयहरुको कार्यान्वयन र थप ब्याख्याका लागि सुझाव प्रतिवेदन पेश गर्न समिति गठन गरेको हो ।

केन्द्रीय सचिवालय प्रमुख भाष्कर भद्रा र धुर्ववहादुर प्रधानले विज्ञप्ति जारी गर्दै समितिलाई सुझाव प्रतिवेदन पेश गर्न सात दिनको समय दिइएको बताएका छन् । समितिमा दिपक बोहोरा,बुद्धिमान तामाङ, राजेन्द्र लिङ्देन, विक्रम पाण्डे, धुव्रबहादुर प्रधान र श्यामप्रसाद तिमिल्सिना रहेका छन् । २०७६ साल फागुन २४ एकताको १० बुँदे आधारपत्रमा तीन अयक्षले हस्ताक्षर गरेका थिए। त्यसपछि फागुन २९ गते एकता घोषणा भएका थिए ।

# एपीएफ टोलीद्वारा साढे २४ लाख भारु बरामद



**कपिलवस्तु/मस-** कपिलवस्तुको कृष्णनगर नगरपालिका १ बाट एपीएफ टोलीले २४ लाख ५० हजार भारतीय रुपैयाँ बरामद गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल अस्थायी सुरक्षा पोष्ट कुकुर भुकुवाबाट खटिएको एपीएफ टोलीले उक्त रुपैयाँ बरामद गरेको हो । भारतबाट नेपालतर्फ आउँदै गरेका व्यक्तिले एपीएफ टोलीलाई देख्नासाथै झोला छाडी भागेपछि उक्त झोलामा जाँच गर्दा पाँच सय दरको चार हजार नौ सय भारतीय रुपैयाँ फेला परेको हो ।

यसैबीच पश्चिम नवलपरासीको प्रतापुर गाउँपालिका ५ बसहीयाबाट एपीएफ टोलीले विभिन्न किसिमको लागूऔषधसहित सोही ठाउँ बस्ने ३५ वर्षीय धाहारी ओईरीलाई पक्राउ गरेको छ । सशस्त्र प्रहरी बल, नेपाल अस्थायी सुरक्षा बेस भैरमपुरबाट खटिएको एपीएफ टोलीले ओईरीलाई जाँच गर्दा उनको साथमा वीन स्पास्मो फोर्ट ट्याब्लेट दुई सय ८८ वटा, स्पास्मो प्रोक्सिभन प्लस ट्याब्लेट एक सय ४४ वटा र ओनारेक्स १९ बोतल फेला परेपछि पक्राउ गरिएको हो । पक्राउ परेका ओईरीलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाइएको छ । यसैगरी बारा जिल्लाको बिश्रामपुर गाँउपालिका ३ स्थित मुसहवा नाकाबाट एपीएफ टोलीले विभिन्न किसिमको लागूऔषधसहित पर्सा जिल्लाको बीरगंज उपमहागनरपालिका १६ नगवा बस्ने १९ वर्षीय सनिलकुमार साहलाई पक्राउ गरेको छ। सशस्त्र प्रहरी बल, नेपाल बोर्डर आउट पोष्ट बरैनियाबाट खटिएको एपीएफ टोलीले साहलाई शंका लागि जाँच गर्दा उनको साथमा वीन सिरेक्स एक बोतल र नाईट्रोभेट ट्याब्लेट नौ वटा फेला परेपछि पक्राउ गरिएको हो । पक्राउ परेका निज साहलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागि स्थानीय प्रहरीमा बुझाईएको छ ।

यसैबीच सिरहाको बरियारपट्टी गाँउपालिका १ कसनरीस्थित सीमा ईलाकाबाट एपीएफ टोलीले चोरीपैठारीको ६ बोरा सुर्तिजन्य पदार्थ तथा किराना सामानसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सोही जिल्लाको धनगढीमाई नगरपालिका ४ बस्ने २४ वर्षीय महेश सिंह छन् । भातरबाट अवैध रुपले दुई वटा मोटरसाइकलमा राखेर ल्याउँदै गरेको अवस्थामा उक्त सुर्तीजन्य पदार्थ र किराना सामानसहित निज सिंहलाई सशस्त्र प्रहरी बल, नेपाल नम्बर ७ गण सिरहाबाट खटिएको एपीएफ टोलीले पक्राउ गरेको हो। एपीएफ टोलीले त्यसवेला उक्त सुर्तीजन्य पदार्थ ल्याउन प्रयोग भएको दुई वटै मोटरसाइकल समेत बरामद गरेको छ । त्यसवेला एक जना मोटरसाईकल चालक एपीएफ टोलीलाई देख्नासाथै मोटरसाईकल तथा उक्त सामान छोडी भागी फरार भएका थिए । पक्राउ परेका सिंहलाई बरामद सामान र मोटरसाइकलसहित आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी नायव उपरीक्षक अजय छतकुलीले बताएका छन् ।

# 'स्विफ्ट टटल' पुच्छ्रेताराका कारण उल्का वर्षा



**काठमाडौं/मस-** 'स्विफ्ट टटल' नामक पुच्छ्रेताराका कारण हुने उल्का वर्षा यस वर्ष बुधबार रातिदेखि भएको छ । नेपाल एस्ट्रोनोमिकल सोसाइटीका अनुसार यो उल्का वर्षा बिहीबार बिहानसम्म अत्यधिक मात्रामा देखिएको थियो । सोसाइटीका अध्यक्ष सुरेश भट्टराईले उल्का वर्षाको स्रोत ययाति (पर्सियस) तारामण्डलमा भएको जस्तो देखिने हुनाले यसलाई 'पर्सिड मिटियर सावर' नाम दिइएको बताए। 'स्विफ्ट टटल' ले सूर्यको एकपटक परिक्रमा गर्न १३३ वर्ष लगाउँछ । 'स्विफ्ट टटल' अहिले पृथ्वीको नजीक छैन। तर, यसले सूर्यको परिक्रमा गर्ने क्रममा सूर्यको नजीक आइपुग्दा आफ्नो कक्षमा धुलोका कण र चट्टानहरु छोड्छ । 'जब पृथ्वीले सूर्यको परिक्रमा गर्ने क्रममा पुच्छ्रेतारा उक्त कक्षको नजीक आइपुग्छ, तब ती धुलोका कण र चट्टान पृथ्वीको वायुमण्डलमा तीव्र गतिले ठोक्किएर जल्दछन्, यसैलाई उल्का वर्षा भनिन्छ, उल्का वर्षालाई नेपाली जनजिब्रोमा 'तारा खसेको' पनि भनिन्छ', इन्टरनेसनल एस्ट्रोनोमिकल युनियनको नेपाल प्रतिनिधिसमेत रहेका अध्यक्ष भट्टराईले बताए ।

उल्का वर्षा स्थानीय समयअनुसार बुधबारराति १०:३० देखि बिहीबार बिहान ५ बजेसम्म देखिएको सोसाइटीले जनाएको छ। अत्यधिक मात्रामा भने बिहीबार बिहान ३ देखि ४ बजेसम्म देखिएको थियो । ती उल्का वर्षाको गति प्रतिसेकेन्ड ६० किमीसम्म हुने भएकाले करीब ७० किमीमाथि वायुमण्डलमा घर्षण पैदा भई यस्तो दृश्य देखिएको थियो । यस वर्ष जुलाई १७ देखि अगस्ट २६ तारिखसम्म सक्रिय उल्का वर्षा हुनेछ । अत्यधिक उल्का वर्षा हुने अगस्ट १२ रातिदेखि अगस्ट १३ बिहानी सम्मको समयमा नाङ्गो आँखाले नै उत्तरपूर्वी आकाशमा हेरेर अवलोकनकर्ताले मनोरञ्जन लिन सक्नेछन्। यसका लागि आफू रहेको स्थानको आकाश खुल्ला र सफा रहनुपर्छ ।

# वडाध्यक्ष धरौटीमा छुटे

**काठमाडौं/मस-** ललितपुर महानगरपालिका-३ का वडाध्यक्ष श्रीगोपाल महर्जन धरौटीमा रिहा भएका छन् ।

मिर्गौला प्रत्यारोपण गर्दा नाता नै नपर्ने व्यक्तिलाई आफन्त बनाएको आरोपमा प्रहरीले उनलाई असार २८ गते नियन्त्रणमा लिएको थियो । जिल्ला सरकारी वकिल कार्यालय ललितपुरका प्रमुख मोना सिंहले ललितपुर जिल्ला अदालतको आदेशमा महर्जन बुधबार रु ५० हजार धरौटीमा छुटेको बताइन् । प्रहरीले महर्जनसहित अन्य १२ जना व्यक्तिलाई त्यस दिन नियन्त्रणमा लिएको थियो । अन्य थप सातजना भने अझै फरार रहेका सिंहले बताइन् ।

# सवारी पास वितरण बन्द गर्न निर्देशन




**काठमाडौं/मस-** गृह मन्त्रालयले एक जिल्लाबाट अर्को जिल्लामा प्रवेशका लागि दिइने सम्पूर्ण सवारी पास बन्द गर्न निर्देशन दिएको छ ।

बिहीबारदेखि लागू हुनेगरी सवारी पास वितरण नगर्न सबै जिल्ला प्रशासन कार्यालयालई निर्देशन दिइएको हो । गृहमन्त्रालयद्वारा सबै जिल्ला प्रशासनलाई दिइएको निर्देशनमा भनिएको छ 'कोभिड १९ को जोखिमलाई मध्यनजर गर्दै अर्को व्यवस्था नहुन्जेलसम्मका लागि सवारी पास वितरण नगर्न, नगराउनुहुन आदेशअनुसार अनुरोध छ ।' अब एक जिल्लाबाट अर्को जिल्लामा सवारी लिएर जान नपाइने भएको छ ।

# चीनद्वारा स्वास्थ्य सामग्री प्रदान



**सिन्धुपाल्चोक/मस-** कोरोना महामारीका समयमा चीनको तिब्बत, नेलम काउन्टीले सिन्धुपाल्चोक जिल्लालाई ठूलो मात्राको स्वास्थ्य सामग्री प्रदान गरेको छ। स्थानीय मितेरी पुलमा बुधबार सो सहयोग सामग्री हस्तान्तरण गरिएको हो । नेलम काउन्टीले जिल्ला प्रशासन कार्यालय सिन्धुपाल्चोकका लागि दुई हजार आठ सय पिपिइ थानसहित पाँच हजार मेडिकल ह्याट तथा सुज कभर र दुई हजार थान पञ्जा सहयोग गरेको हो। त्यस्तै आइसोलेसन मास्क दुई हजार थान तथा एन नाइन्टीफाइफ मास्क र मेडिकल मास्क पनि पाँच हजार थान दिइएको छ। चिनियाँ सरकारले सिन्धुपाल्चोक जिल्लाकै प्रयोगका लागि भिटिएम दुई हजार थान र पिसिआर रिएजेन्ट दुई हजार थानसमेत सहयोगस्वरुप उपलब्ध गराएको सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले बताए। जिल्लामा कोरोना महामारीले उच्च रुप लिँदै गरेका अवस्थामा नेलम काउन्टीले गरेको यो सहयोग अत्यन्तै महत्वपूर्ण रहेको बताउँदै प्रजिअ ढकालले यो अहिलेसम्म नेलम काउन्टीले गरेकोमध्येकै ठूलो सहयोग भएको बताए ।

नेलम काउन्टीका समकक्षीसँग आफुले भाइचाराको सम्बन्ध विस्तार गरेका कारण यती धेरै सँख्यामा प्राप्त पिपिइ सेट तथा स्वास संकलन गर्ने सामग्री र पिसीआर रिएजेन्ट समेत सहयोग पाँउदा जिल्लालाई ठुलो राहत मिलेको ढकालले बताए । यसअघि पनि विभिन्न स्वास्थ्य सामग्री सहयोग गरेको नेलम काउन्टीले यसपछि पनि टेन्ट र खाद्यान्न सहयोग गर्ने आश्वासन दिएको उनले बताए ।

प्रजिअ ढकालका अनुसार तातोपानी भन्सार सुख्खा बन्दरगाह कार्यालयका प्रमुख लालबहादुर खत्रीले तिब्बत, नेलम भन्सार कार्यालयका उपनिर्देशक साङ बुमार्फत सो सामग्री बुझेका हुन् । मितेरी पुलमा सामग्री लिएपछि भन्सार प्रक्रिया पूरा गर्न र निर्मलीकरण गर्न एकदुई दिन लाग्नेछ । त्यसपछि जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र, चौताराको भण्डारमा सो सामान भण्डारण गरिने र जिल्ला अस्पताल चौतारासँगको सहकार्यमा जिल्लामा आवश्यक परेका ठाउँमा तुरुन्तै परिचालन गरिनेछ ।

### एकैदिन...

घर फर्किएका छन् । हालसम्म १६ हजार ७२८ जना निको भई घर फर्किएका छन् । ६८ प्रतिशत कोरोनाबाट ठीक भएको पनि मन्त्रालयले जनाएको छ । देशभर सात हजार ६१३ जना सक्रिय संक्रमित छन् । बुधबारसम्म चार लाख ७२ हजारभन्दा बढीको पिसिआर विधिबाट परीक्षण गरिएको छ ।

### गृहमन्त्रीले...

मिचेको विषयलाई गम्भिरता पूर्वक उठाउँदै जाने र महाधिवेशनबाट सभापति देउवाको विकल्प खोज्ने पौडेलले बताए ।

अहिलेको केन्द्रीय समितिमा देउवाको नै बहुमत भएकाले त्यहाँबाट विकल्प खोज्न नसकिने भएकाले महाधिवेशनमा नै प्रमाण सहित विकल्प खोज्ने पौडेलले बताए । वरिष्ठ नेता पौडेलले पार्टीको सभापतिमा आफु नै हुनुपर्छ भन्ने दावी नगरेको समेत स्पस्ट पारे ।

तर, पार्टीले आफुलाई न्याय गर्नुपर्ने उनको भनाई छ । पार्टीभित्र सबै नेता तथा कार्यकर्ताले आफ्नो आकांक्षा राख्न पाउने तर उमेरको आधारमा सबैलाई एउटै क्याटोगारीमा राखेर अन्याय गर्न नपाइने बताए । पटकपटक मौका पाएकाले सत्ताको दुरुपयोग गरे नगरेको हेरेर विवेक पुऱ्याएर निर्णय गर्नुपर्ने तर्क पौडेलको छ ।

वरिष्ठ नेता पौडेलले सरकारले कोरोना संक्रमण रोकथामका लागि प्रभावकारी काम गर्न नसकेको बताए । कांग्रेसले सुरुदेखि नै सरकारलाई भन्दै आएको र आफुले प्रधानमन्त्रीलाई भेटेर नै लिखित रुपमा दिएको तर सरकारले तयारी नगर्दा अहिले संकट देखापरेको बताए। सरकारले आइसियु, भेन्टीलेटर र आइसोलेसन तथा क्वारेन्टाइनको व्यवस्था नगरी नागरिकलाई विचल्लीको अवस्थामा पुऱ्याएको पौडेलको भनाई छ ।

### बाध्यताको ...

हासिल गर्न सहज हुने बताए । कार्यक्रममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादव, युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्मा, परिषद्का कार्यकारी उपाध्यक्ष माधवप्रसाद ढुङ्गेल, राष्ट्रिय युवा संघ, नेपालका सहसंयोजक रमेश पौडेल, नेपाल तरुण दलका नेता उत्तम चापागाईं, अनेरास्ववियुका संयोजक ऐन महरलेलगायतले धारणा राखेका थिए ।

### मलेसियामा....

निर्ममतापूर्वक कुटपिट गरेको देखिएको छ। घटनापछि मलेसियामा नेपाली सुरक्षागार्डहरुको सम्मान बहसको विषयसमेत उठेको छ ।

अदालतले मुराउलाई भएको चार महिना जेल सजाय गत अगस्ट ३ तारिखदेखि नै लागू भएको बताएको छ । गत जुलाई ७ तारिखको दिन मुराउले हुसेनलाई त्यहाँस्थित तमान मेलाती सापिङ कम्प्लेक्समा कुटपिट गरेको सार्वजनिक भएको थियो । मलेसियन प्रहरीले मुराउविरुद्ध दश वर्षसम्म जेल र जरिवानाको माग गरेको थियो । तर अदालतले चार महिनामात्र कैदको सजाय सुनाएको छ ।

ईस्लाममाथि कुटपिट भएपछि नेपाली दूतावासले नै कानुनी कारवाहीको माग गर्दै मलेसियाको प्रहरीमा उजुरी दर्ता गराएको थियो । पीडित र पीडक दुवैले नेपाली दूतावासको सम्पर्कमा आएपछि मलेसियन प्रहरीसमक्ष आर्त्सपण गरेका थिए ।

कुटपिट र दुर्व्यवहारको पीडित भनिएका ईस्लाममाथि भने एक महिलालाई दुर्व्यवहार गरेको उजुरी परेको छ । ईस्लामको तर्फबाट कानूनी प्रतिरक्षा गरिहेकी स्थानीय वकिल सुमिथाले ईस्लामविरुद्धको अभियोग तय भइनसेको स्थानीय सञ्चार माध्यमहरुलाई बताएकी छन्। मुराउ र ईस्लाम मलेसियामा अवैध रुपमा काम गरिरहको पाइएको पनि स्थानीय सञ्चार माध्यमहरुले उल्लेख गरेका छन् ।

### आफ्नाहरूसँग ...

सिर्जनशील समयमा युवाले बाहिर गएर बिताउन नपरोस्" प्रधानमन्त्री ओलीले भने, "आफ्नै देशको विकासमा श्रम खर्च गर्न सकियोस् । अनिमात्र नेपाल आत्मनिर्भर, विकसित देश बन्नेछ।" प्रधानमन्त्री ओलीले देश विकासका आधारमा युवालाई प्रयोग गर्न नसकिएको उल्लेख गर्दै अब खोज अनुसन्धानमा नयाँ युवा पिँढीलाई अगाडि बढाइनेसमेत धारणा राखे ।

# छिमेकी मुलुकको अतिक्रमणकारी नीतिका कारण सीमा समस्या : गृहमन्त्री

**काठमाडौं/मस**-गृहमन्त्री रामबहादुर थापाले छिमेकी मुलुकहरुको अतिक्रमणकारी नीति र चिन्तनका कारण सीमामा समस्या देखिएको बताएका छन् ।

प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिको बुधबारको बैठकमा गृहमन्त्री थापाले छिमेकिहरुको अतिक्रमणकारी नीति र चिन्तनका कारण नेपालको भूमि मिचिएको बताए । सीमामा रहेका पिलरहरु उखेलेर फालिदिने, नेपाल भित्र गाडिदिने प्रवृत्ति छिमेकीहरुको रहेको समेत उनले बताए । यो प्रवृति नहट्दासम्म सीमा समस्या रहिरहने पनि मन्त्री थापाको भनाइ छ । बैठकमा उनले भने, 'हाम्रा छिमेकीहरुको अतिक्रमणकारी नीति र चिन्तन पनि यसको कारणहरु छन् । पिलरहरु उखेलेर फाल्दिने अथवा नेपाल भित्र ल्याएर गाड्ने यस्ता अतिक्रमणकारी नीति पनि सीमा समस्याको पछाडी एउटा कारण देखिन्छ ।'



सीमा विवाद समस्या कुटनीतिक माध्यमबाट समाधान गर्न परराष्ट्र मन्त्रालयले पहल गर्नुपर्ने गृह मन्त्री थापाले बताए । यस्तै नेपालको भू-भाग र सीमा रक्षा गर्ने जिम्मा गृह मन्त्रालयको भएकाले विशेष ध्यान दिने समेत उनको भनाइ छ । सीमा सुरक्षाका लागि गृह मन्त्रालयले सीमा सुरक्षा सम्बन्धी विशेष योजना बनाएको र त्यसलाई कार्यान्वयन गर्ने चरणमा रहेको थापाको भनाइ छ । सीमा समस्या समाधानका लागि जनस्तरबाट समेत सहयोग हुनुपर्ने उनले बताए । सीमा नक्सा निर्धारण गर्ने सिद्धान्तमा नदीलाई आधार मान्ने प्रचलनका कारण पनि सीमामा धेरै समस्या आएको गृहमन्त्री थापाको भनाई छ । उनले नदीले धार परिवर्तन गर्दा सीमा समेत परिवर्तन हुने गरेको बताए । सोही आधारमा स्ट्रीप नक्सा बनाउँदा नेपालको भूभाग भारतमा र भारतको भू-भाग नेपालमा परेको पनि उनले बताए । सीमा समस्या समाधानका लागि कुटनीतिक पहल अवस्यक रहेको उनले बताए ।

बैठकमा सांसदहरुले नेपालको अद्यावधिक नक्सा जारी गरेपनि सरकारले वास्तविक सीमा समस्या समाधानका लागि गम्भिरता नदेखाएको आरोप लगाएका थिए । छलफलमा सांसदहरुले स्ट्रिप नक्साको बलमा भारतले कञ्चनपुर जिल्लामा नेपालीले भोगचलन गर्दै आएको भूमि अतिक्रमण गरेको विषयमा भएको बताए । सांसद देवेन्द्रराज कँडेलले जारी भएको नयाँ नेपालको नक्सामा कञ्चनपुरको अतिक्रमित भूमि समेटिएको छ की छैन भन्ने प्रश्न गरे । द्वन्दकालमा नेपाली टोली समेत भारतमा गएर जारी गरेको नक्साका कारण समस्या उत्पन्न भएको देखिएकोले गम्भिरता देखाएर यो विषयमा अध्ययन गर्नुपर्ने उनले बताए ।

सांसद रामसहाय प्रसाद यादवले सीमा सम्बन्धि बास्तविक काम कति सम्पन्न भयो भन्ने तथ्याङ्क सम्बन्धित मन्त्रालय लगायत सरोकारलाहरुसँग छ की छैन भन्ने आशंका व्यक्त गरे । उनले नक्सा जारी भएपनि सीमा समस्या समाधानका लागि सरकार तयार नभएको बताए ।

बैठकमा सांसद नरबहादुर धामीले सीमा रक्षाका क्रममा गोविन्द गौतमको हत्या भएको घटनामा अनुगमन गर्न चुकेको सरकार जग्गाधनी पुर्जा समेतको भूमि भारततर्फ जाँदा पनि गम्भिर नभएको बताए । नेपाल भित्र हतियारसहित भारतीय सुरक्षाकर्मी प्रवेश गरेर जनतालाई आतंकित बनाउने गरेको कुरा पटक पटक संसदमा उठाउदा पनि सरकारले वास्ता नगरेको उनको भनाई छ ।

सांसद रेखा शर्माले दिर्घकालिन रुपमा सीमा समस्या समाधान गर्ने बाटो तर्फ सरकार अग्रसर हुनुपर्ने बताइन् । उनले द्वन्दकालिन समयमा सीमा निर्धारण टोलीमा को को भिए भन्ने पत्ता लगाएर समितिमै बोलाउनुपर्ने बताइन् ।

बैठकमा भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्मा अर्यालले अद्यावधिक नक्सामा कञ्चनपुरको अतिक्रमित भूमि पनि समेटिएको बताइन् । स्ट्रिप नक्सा दुई देशको सहमतिमा खारेज हुने प्रावधान रहेको उल्लेख गर्दै भारतको केही भूमि नेपाल तर्फ समेत रहेको बताए ।

बैठकमा कोभिड–१९ का सन्दर्भमा पनि छलफल भएको थियो । पतिपक्षी दलका सांसदहरुले कोरोना भाइरस रोकथामका लागि सरकारले काम नसकेको बताएका थिए । स्वास्थ्य मन्त्री भानुभक्त ढकालले सरकारको आलोचना गर्नेहरुप्रति गरको टिप्पणीप्रति सांसदहरुले आपत्ति व्यक्त गरेका थिए ।

# कोरोनाले शैक्षिक सत्रमा पारेको असरबारे प्रतिवेदन तयार पार्न निर्देशन

**काठमाडौं/मस**–शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री गिरिराजमणि पोखरेलले कोरोना भाइरस (कोभिड-१९)ले शैक्षिक सत्रमा पारेको असरबारे पाठ्यक्रम विकास केन्द्रलाई प्रतिवेदन तयार पार्न निर्देशन दिएका छन् । बुधबार बसेको पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्को बैठकमा मन्त्री पोखरेलले उक्त निर्देशन दिएका हुन । गत चैतदेखि पढाइ ठप्प भएर शैक्षिक सत्र प्रभावित हुने भएपछि मन्त्रीले केन्द्रलाई विस्तृत अध्ययन गर्न आग्रह गरेका छन् । परिषदका अध्यक्ष समेत रहेका मन्त्री पोखरेलले पाठ्यभार घटाउन मिल्ने ठाउँमा घटाएर, अनावश्यक विषयबस्तु हटाएर, अर्को शैक्षिक सत्रको केही समय लिएर र अतिरिक्त कक्षा सञ्चालन गरेर भए पनि शैक्षिक सत्रको क्षतिपूर्ति हुनेगरी तयारी गर्न केन्द्रलाई निर्देशन दिएका छन् । हाल विद्यालय तहमा कक्षा १२ सम्म करीब ३५ हजार विद्यालय र ८० लाख विद्यार्थी छन् । विद्यालय शिक्षामा पठनपाठनसम्बन्धी



पाठ्यक्रम प्रारूप २०७६ मा प्रारम्भिक बालविकासमा ५७६ कार्यघण्टा र १८ पाठ्यघण्टा, कक्षा १ देखि ३ सम्ममा ८३२ कार्यघण्टा २६ पाठ्यघण्टा, कक्षा ४ देखि १० सम्म एक हजार २४ कार्यघण्टा ३२ पाठ्यघण्टा पढनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थामा संशोधन या अन्य आवश्यक गृहकार्यका लागि बैठकले परिषद्लाई कार्यादेश दिएको छ । कोरोनाको महामारीका कारण वैशाखबाट शुरु हुनुपर्ने शैक्षिक सत्र अझै शुरु हुन सकेको छैन । नेपालमा कोरोना संक्रमितको संख्या बढ्दै गएपछि सरकारले तत्काल विद्यालय खोल्ने अवस्था नरहेको बताउँदै आएको छ । सरकारले कोरोनाका कारण स्थगित परीक्षा र विद्यार्थी भर्ना कम्तिमा १५ भदौसम्म खुल्ला गर्न नपाइने निर्णय गरिसकेको छ । गएको सोमबार बसेको मन्त्रिपरिषद बैठकले विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र लगायतका शैक्षिक संस्थाहरू अर्को सूचना प्रकाशित नहुँदासम्मका लागि बन्द गर्ने निर्णय गरेको छ ।

# इन्द्रजात्रामा भीडभाड रोकिने

**काठमाडौं/मस**–जिल्ला प्रशासन कार्यालय काठमाडौंले यस वर्षको इन्द्रजात्रामा हुने भीडभाड नगर्ने निर्णय गरेको छ ।

मंगलबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले इन्द्रजात्रा, हरितालिकालगायत चाडपर्वमा हुने सबै किसिमका भीडभाड नगर्न सरोकार भएका सबै निकायलाई आह्वान गरेको हो ।



प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले बाहिर हुने भीडभाडका कार्यक्रम रोकिए पनि घरभित्र हुने जात्राका विधि भने गर्न सकिने बताए । काठमाडौं उपत्यकामा कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि जिल्ला सुरक्षा समितिले मठमन्दिरलगायत जात्रापर्वका भीडभाड रोक्ने निर्णय गरेको हो । इन्द्रजात्रा चलाउँदै आएको गुठी संस्थान जिल्ला शाखा काठमाडौंका प्रमुख हरिप्रसाद सुवेदी पनि जात्रा गर्ने वातावरण यस वर्ष नभएको बताए । जिल्ला प्रशासन कार्यालयको निर्णय प्राप्त भएपछि विधि भने पूरा गर्ने गरी काम गरिने उनको भनाइ छ ।

यस वर्ष इन्द्रजात्राको लिङ्गो गाड्ने साइत आगामी भदौ १४ गते बिहान ७.०७ बजे र जात्राको मुख्य दिन भदौ १६ गते तोकिएको छ ।

**'सामाजिक दूरी कायम गरौं'**

प्रदेश नं ५ सरकारका मुख्यमन्त्री शंकर पोखरेलले कुनैपनि जात्रा र पर्व मनाउँदा सामाजिक दूरी कायम गर्न आग्रह गरेका छन् ।

विजयोत्सवको रुपमा मनाइँदै आएको पाल्पाको रणउजीरेश्वरी भगवती जात्राका अवसरमा बुधबार शुभकामना दिँदै उनले भगवती जात्रा मनाउँदा यस वर्ष विगतमा भन्दा फरक ढङ्गले सामाजिक दूरी कायम गरी मनाउन अपील गरे ।

'जात्रा र पर्व मनाउँदा सामाजिक दूरी कायम गरी मनाऔं, आफू पनि जोगिऔं, अरुलाई पनि जोगाऔं । कोरोनाविरुद्धको अभियानलाई सार्थक बनाऔं', शुभकामना सन्देशमा भनिएको छ, 'कोभिड–१९ को महामारीलाई जितेपछि भगवती जात्रालाई हामीले विगतमा झै ठूलो जनसहभागितामा भव्य ढङ्गले मनाउने नै छौं ।'

पाल्पामा मनाइँदै आएको भगवती जात्राले राष्ट्रिय स्वाधीनता र राष्ट्रिय हितको बाटोमा हिंड्न प्रेरित गरेको उल्लेख गर्दै मुख्यमन्त्री पोखरेलले पुर्खाको देशभक्तिको गौरवपूर्ण लडाइँलाई सम्झदै सत्मार्गमा हिँडेर मुलुकको सार्वभौमसत्ताको रक्षा गर्दै अविचलित रुपमा अघि बढ्न आग्रह गरे । 'भगवती जात्रा पुर्खाले राष्ट्रिय स्वाधीनताका लागि लडेको गौरवपूर्ण इतिहास सम्झाउने उत्सव हो । दुई शताब्दीदेखि निरन्तर चलिरहेको जात्राले नयाँ पुस्ताका लागि पुर्खाको वीरता-धीरता गाथाको स्मरण गराउँछ', मुख्यमन्त्री पोखरेलले उल्लेख गरेका छन् ।

# डोटीमा बस दुर्घटना, तीन जनाको मृत्यु



**डोटी/मस**- डोटीको पूर्वीचौंकी गाउँपालिका-१ फुलौटमा बुधबार बस दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । बुधबार बिहान करिब ६ बजे भएको दुर्घटनामा परी ३३ जना घाइते भएका छन् । घाइतेमध्ये १२ जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनामा मृत्यु हुनेमा अछाम जिल्ला चौरपाटी गाउँपालिका-७ मार्कु बस्ने ३० वर्षीय टीकाराम विक, मङ्गलसेन नगरपालिका-७ अछाम बस्ने ५५ वर्षीया धनी शाही तथा बान्नीगढजयगढ गाउँपालिका-३ अछाम बस्ने ६० वर्षीय पदम साउद रहेका छन् । जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक कर्णबहादुर बोहराले कैलालीबाट अछामका लागि जाँदै गरेको कर्णाली रिभर यातायातको ना ६ ख २५२९ नम्बरको बस दुर्घटनामा परेको जानकारी दिए ।

घाइतेको जिल्ला अस्पतालमा उपचार भइरहेको छ । बस सडकबाट कम्तीमा पनि ३० मिटर तल खोलामा खसेको थियो । भारतबाट रोजगारी गरी घर फर्किएका अछामका नागरिक लिएर आएको उक्त बस दुर्घटनामा परेको हो । वर्षात्का कारण सडक चिप्लो भएको र चालक पनि निदाएका कारण गाडी दुर्घटना भएको हुन सक्ने जिल्ला ट्राफिक प्रहरी कार्यालय दिपायलले जनाएको छ । घाइते अधिकांशको टाउको र छातीमा बढी चोट लागेको उपचारमा संलग्न जिल्ला अस्पताका डा.ज्योति पाण्डेले बताए । सिट क्षमताभन्दा बढी यात्रु बोकेका कारण उक्त बस दुर्घटना भएको हुन सक्ने पूर्वीचौंकी गाउँपालिकाका चक्रबहादुर कठायतले बताए । प्रहरीले बस चालक २६ वर्षीय हेमबहादुर खत्रीलाई आवश्यक अनुसन्धानका लागि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख जनकराज पाण्डेले बताएका छन् । कैलालीदेखि डोटी पुग्दासम्म उक्त बसका चालकले ट्राफिक प्रहरीको चेकप्वाइण्टमा यात्रु संख्या घटाई इण्ट्री गरेको र उक्त बससँग अछाम जानका लागि जिल्ला प्रशासन कार्यालयको सवारी चलाउने अनुमतिपत्र पनि नभएको बताइएको छ ।

# महिलामाथि कुटपिट गर्ने मदरसा अध्यक्षलाई कारवाहीको माग

**गौरीशंकर जयसवाल/मध्यान्ह**
परासी २८ साउन

आफ्नो छोरीमाथि निर्घात कुटपिट गर्नेलाई कारवाही गर्न पीडितका अभिभावकले माग गरेका छन् । पश्चिम नवलपरासीको पाल्हीनन्दन-३ बेलाशपुरका अस्तर अन्सारीले आफ्नो छोरी रहिना खातुनमाथि निर्घात कुटपिट भएको भन्दै न्यायको लागि माग गरेका हुन् । वेलाशपुर मदरसाका अध्यक्ष तवरेज आलमले साउन २४ गते मदरसामै बोलाएर अन्सारीकी छोरी रहिनालाई कुटपिट गरेको उनले बताए । सोही ठाउँमा कम्पाईन मेशिन चलाउने पञ्जावका सन्जु शेखसँग प्रेम सम्बन्ध रहेका कारण रहिना सन्जुसँगै भागेर गएपछि जातको ईज्जत फालेको भन्दै तवरेजले आफ्नो छोरीलाई अनाहकमा कुटपिट गरी महिला हिंसा गरेको रहिनाका बुवा अस्तरले बताए । पीडित रहिनाका पिता अस्तरले छोरी मनखुशीले गएको र आफूहरुले पनि स्वीकार गरिसकेको अवस्थामा सरोकार नै नभएका व्यक्तिले महिलामाथि कुटपिट गरी अपराध गरेकोले कारवाही हुनुपर्ने माग गरेका छन ।

आफूले जिल्ला प्रहरी कार्यालयमा आवश्यक कारवाहीका लागि जाहेरी दिएको उनले बताए । कुटपिटबाट गम्भीर घाइते रहिनाको अहिले पृथ्वीचन्द्र अस्पताल परासीमा उपचार भइरहेको छ । तवरेजले आफूलाई झुक्काएर प्रहरीमा मिलापत्र गराएको उनले गुनासो गरे । एक आपसमा सामान्य झगडा भएको भन्दै तवरेजले धम्काएर दश हजारमा मिलापत्र गराएको पीडितका बुवाले बताए । जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक अजय केसीले घटनाको निष्पक्ष अनुसन्धान गरी दोषिमाथि कारवाही गरिने बताएका छन् ।

# चितुवाको छालासहित सात पक्राउ

**भक्तपुर/मस**– भक्तपुरबाट जंगली जनावर चितुवाको छालासहित सात जनालाई पक्राउ गरिएको छ । महानगरीय प्रहरी परिसर भक्तपुर र महानगरीय प्रहरी अपराध महाशाखाको संयुक्त अनुसन्धान टोलीले चाँगुनारायण नगरपालिका सुडालबाट चार र सूर्यविनायकको दार्जलिङ हाइटबाट तीन गरी सात जनालाई पक्राउ गरेको हो । महानगरीय प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक दीपक गिरीका अनुसार चाँगुनारायण-८ सुडालस्थित सुरेश कार्कीको घरमा प्रहरीले छापा मार्दा कोठा भाडामा लिई बसेका चार जनालाई कालोमा खैरो र सेतो रङको पाटे चितुवाको सुख्खा छाला एक थान र चोरीको मोटरसाइकलसहित पक्राउ गरेको हो ।

उनीहरुकै बयानअनुसार यसमा संलग्न थप तीन जना सूर्यविनायक-८ दार्जलिङ हाइटबाट पक्राउ परेका हुन् । पक्राउ पर्नेमा रामेछाप सुनापति गाउँपालिका-५ स्थायी घर भई हाल चाँगुनारायण-८ सुडाल बस्ने १९ वर्षीय कुमार लामा, १७ वर्षीय फुसाङ तामाङ, १८ वर्षीय हिमाल लामा, २१ वर्षीय पासाङ तामाङ रहेका छन् । त्यसैगरी पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक तिमाल गाउँपालिकाका-९ घर भई हाल सूर्यविनायक नगरपालिका-८ दार्जलिङ हाइट बस्ने २२ वर्षीय सञ्जीव सिंजाली मगर, रोशी गापा-१० घर भई सूर्यविनायक बस्ने २४ वर्षीय दिपेश तामाङ र सोही ठाउँका २३ वर्षीय मिलन मगर रहेका छन् ।

प्रहरीले उनीहरुको साथबाट भक्तपुर नगरपालिका-९ का प्रजु सुवालको चोरी भएको बा ९० प ६५१० नम्बरको मोटरसाइकल बरामद गरेको छ । त्यस्तै विभिन्न कम्पनीका मोबाइल नौ थान, सवारी चालक अनुमतिपत्र दुई थान, विभिन्न मोटरसाइकलको नम्बर प्लेट चार थान, मोटरसाइकलको लक एक थान बरामद गरेको छ ।

चितुवाको छालाको गैरकानूनी कारोबारमा संलग्न भएको अभियोगमा पक्राउ परेका सात जनालाई हिरासतमा राखी अनुसन्धान गरिरहेको जानकारी दिँदै परिसरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक गिरीले थप अनुसन्धानका लागि चितुवाको छालासहित जिल्ला वन कार्यालयको जिम्मा लगाइने जानकारी दिए ।

# कांग्रेसको वित्तीय तथा सहकारी विभागको सचिवमा भण्डारी

**काठमाडौं/मस**-श्रीलालीगुराँस बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारीलाई नेपाली कांग्रेसले वित्तिय तथा सहकारी संस्था समन्वय विभागको सचिव पदमा मनोनयन गरेको छ । दुई दशकदेखि सहकारी क्षेत्रको विकासमा लागेका भण्डारीको लामो समय सम्मको योगदानलाई कदर गर्दै कांग्रेसले सचिवमा नियुक्ति गरेको हो । उनीसहित २५ संस्थापक सदस्यले स्थापना गरेको श्रीलालीगुँरास सहकारी संस्था अहिले देशकै उत्कृष्ठ संस्थाको रुपमा पहिचान बनाउन सफल भएको छ । हाल सो संस्थामा करिब २१ हजार शेयर सदस्य छन् । संस्थाको लागानीमा श्रीलालीगुराँस राष्ट्रिय माध्यामिक विद्यालय, श्रीलालीगुराँस अस्पताल, भैरबकुण्ड हाइड्रोपावर र



श्रीलालीगुराँस दुग्ध प्रशोधन उद्योग सञ्चालित छन् ।

सबै संस्थाको नेतृत्वदायी भुमिकामा रहेका भण्डारीले आफ्नो नियुक्तिलाई सहीरुपमा अघि बढाउँदै सहकारी र वित्तिय संस्थाको विकासमा अथक रुपमा लागिरहने बताए । नेपाल बहुउद्देश्य केन्द्रीय सहकारी संघका अध्यक्ष रहेका भण्डारी सहकारी क्षेत्रमा गरेको योगदानको कदर गर्दै वित्तिय तथा सहकारी संस्था समन्वय विभागको सचिवमा नियुक्ति गरेको हो । हाल मुलुकभर करिब ३३ हजार सहकारी सञ्चालित छन् ।

नेपाली कांग्रेसको विधान २०१७ (संशोधनसहित)को धारा २५(९) बमोजिम उनलाई नियुक्ति गरेको पत्रमा उल्लेख छ । नियुक्ति भए लगत्तै उनले पार्टीको केन्द्रीय वित्तिय विभागलाई थप सुदृढ र गतिशिल बनाउन दत्तचित्त भई लागि पर्ने बताए ।

यसअघि सहकारी महासंघको सञ्चालक, सहकारी क्षेत्रमा देखिएको समस्या समाधान गर्न गठित समितिमा समेत काम गरिसकेका भण्डारी कुशल सहकारीकर्मीको रुपमा परिचित छन् ।

# कल्याणपुरका नगर प्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा

**काठमाडौं/मस**– अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सिरहाको कल्याणपुर नगरपालिकाका नगर प्रमुख सूर्यनाथ मण्डल धानुकविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । आयोगले उनीसहित छोरा सन्त कुमार मण्डललाई पनि विशेष अदालतमा मुद्दा दायर गरेको हो ।




डीपीआर कार्य सम्पन्न गरेको कामको भुक्तानी दिनका लागि सेवाग्राहीसँग पाँच लाख रुपैयाँ घूस लिएको अभियोगमा नगरप्रमुखका छोरा सन्तलाई गत असार ३१ गते अख्तियारले नियन्त्रणमा लिएको थियो । अनुसन्धानको क्रममा सूर्यनाथले छोरा सन्तसँग मिलेमतो गरी डीपीआर निर्माण कार्य सम्पन्न गरेको कामको भुक्तानीका लागि सेवाग्राहीलाई दुःख दिएको पाइएको आयोगका प्रवक्ता तारानाथ अधिकारीले बताएका छन् । उनीहरुले सेवाग्राहीले नियम अनुसार पाउनुपर्ने भुक्तानीको चेक समेत नियन्त्रणमा राखी दुख दिने गरेको आयोगको ठहर छ । आयोगले उनीहरु विरुद्ध एक लाख देखि पाँच लाख रुपैयाँसम्म जरीवाना र ६ महिनादेखि डेढ वर्षसम्म कैद सजाय गर्न विशेष अदालतमा मागदावी गरेको छ ।

## घुससहित पाँच पक्राउ

अख्तियारले घुसलिएको आरोपमा सव-डिभिजन वन कार्यालय मैनामैनी उदयपुरका प्रमुख (सहायक वन अधिकृत) शिवनारायण यादवसहित पाँच जनालाई नियन्त्रणमा लिएको छ । पक्राउ पर्नेमा सहायक वन अधिकृत शिवनारायण यादव, सव-डिभिजन वन कार्यालय लालबजार रामपुर, उदयपुरका प्रमुख (सहायक वन अधिकृत) बिनोद कुमार साह, फोरेष्टर रमेश राई, सव-डिभिजन वन कार्यालय मैनामैनी उदयपुरमा कार्यरत फोरेष्टर विशेश्वर चौधरी, वन रक्षक द्वय शैलेन्द्र झा, मनोज कुमार राउत रहेका छन् । यादवसमेतले सेवाग्राहीसँग सत्र हजार रुपैयाँ घुस/रिसवत लिएको भन्ने उजुरीका आधारमा इलाका प्रहरी कार्यालय रामपुर ठोक्सिलाबाट खटिएको प्रहरी टोलीले खानतलासी गर्दा उनीहरुसँग सो रकम फेला परेको थियो । उनीहरलाई आयोगको कार्यालय इटहरीमा राखेर थप अनुसन्धान थालेको छ ।

## सम्पादकीय

### निर्विकल्प बाटो– जिम्मेवार बन्ने

कोभिड–१९ को संक्रमणबाबट राजधानीमा उपत्यका सहित बुधबार एकै दिन आठ जनाको मृत्यु भएको छ। एकै दिन मृत्यु भएको यो संख्या अहिलेसम्मकै उच्च हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार, काठमाडौं, धुनषा, बारा, कपिलवस्तु र सप्तरीमा संक्रमितको मृत्यु भएको छ। धनुषामा एकै दिन तीन जनाको मृत्यु भएको छ। बुधबार एकै दिन आठ जनाको मृत्यु भएपछि नेपालमा कोरोनाबाट मृतक संख्या ९१ पुगेको छ। अर्थात्, गएको माघ ९ गतेदेखि संक्रमण देखिन थालेको कोरोनाले उच्च रूप लिदै गएको अनुमान गर्न सकिन्छ। लकडाउन खुलेसँगै लगातार संक्रमण बढिरहेको राजधानी उपत्यकामा एकै दिन १३८ जनामा संक्रमण पुष्टि भएको छ। त्यस मध्ये काठमाडौंका मात्रै १०९ जना छन्।

स्वास्थ्य मन्त्रालयले दिएको जानकारी अनुसार, अझै ८० जना भन्दा बढी आईसीयूमा भर्ना भएका छन्। मृत्यु भएपछि संक्रमण पुष्टि हुँदै आएकोमा पछिल्लो समय भने लक्षण सहितका संक्रमित देखिने, अस्पतालमा भर्ना हुने र मृत्यु हुने गरेको पाइएको छ। केही दिन अगाडि मात्रै पूर्व मन्त्री मोहनबहादुर बस्नेतका बुवाको मृत्यु भएपछि कोराना संक्रमण पुष्टि भएको थियो। मलामी गएका पाँच सय बढी अहिले क्वारेन्टिनमा छन्। सत्तारूढ दलकै शीर्ष नेताहरू समेत कोभिड महामारीका कारण आइसोलेसनमा छन्।

प्रदेश–२ का आन्तरिक मामला तथा कानून मन्त्री ज्ञानेन्द्र यादव, अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त नविन घिमिरे, प्रदेश–१ सांसद कुसुम श्रेष्ठ लगायत भीभीआईपी नै संक्रमित बनेका छन्। संक्रमित संख्या २४ हजार ४३२ जना पुग्दा राजधानी उपत्यकामा मात्रै एक हजार ४४८ जनामा संक्रमण पुष्टि भएको छ। राजधानी उपत्यकामा संक्रमण पुष्टि भएका मध्ये कयौंको ट्राभल हिस्ट्री फेला पर्न सकेको छैन। अर्थात्, संक्रमण समुदाय स्तरमा फैलिएको आशंका गरिएको छ। तर, स्वास्थ्य मन्त्रालयले यसबारे केही भनेको छैन।

राजधानी उपत्यका मात्रै नभएर धेरै जनसंख्या रहेका शहर हरूमा संक्रमण बढेको छ। तर, सरकारले भने खोलिसकेको लकडाउनबारे फेरि अर्को निर्णय नगर्ने मनसाय देखाएको छ। राजधानी उपत्यकामा निजी सवारी साधनमा जोरबिजोर प्रणाली लागू गर्ने बाहेक थप कदम चालेको देखिदैन। यसले जोखिमको त्रास भने बढेर गएको छ। यस्तो बेला सरकार र आम नागरिकसँग एउटै विकल्प छ– जिम्मेवार हुने, रोकथामका प्रावधान पालना गर्ने।

# एसिड प्रहारका घटना, राज्यमाथि नै चुनौती



■ गोविन्द विक

“

महिलामाथि भइराखेका एसिड आक्रमणका घटना विचलन मानसिकताको डरलाग्दो उदाहरण हो। एसिडले जलेको दाग सामान्य अवस्थामा आउन निकै कठिन हुने हुनाले यो जतिको पीडा जिवनमा के नै हुन सक्छ र ?

आफ्नै अनुहारसँग झस्कीनु पर्ने समाजमा आफ्नै अनुहार छोपेर हिडनुपर्ने हरेक पल अनुहार ऐनामा हेर्दा आफूमा अथाह शक्ति बटुलेर जिउँदै जलेको पीडाले जिउन सिक्नु पर्ने यसलाई आफ्नै कमजोरी भन्ने की राज्यको बेवास्ता। अपराधको कुनै जात हुँदैन लिंग हुँदैन धर्म हुँदैन अपराध अपराध नै हो। महिलामाथि हुने एसिड आक्रमणका जघन्य अपराधको जति नै निन्दा गरे पनि कम हुन्छ। किशोरी तथा महिलामाथि एसिड आक्रमणका घटनाहरु पछिल्लो समयमा निकै बढीरहेका छन्। यसले आम किशोरी तथा महिलाहरुमा एक हिसावले त्रासको वातावरण सिर्जना गरिरहेको छ।

यो समाजले महिलालाई हरेक पाइलामा दोस्रो दर्जाको नागारिकका रुपमा हेर्दै आयो। उनीहरुको आँट र साहसलाई मूल्यांकन गर्न यो समाजले कन्जुस्याइ गरिरहयो। हुर्काइको क्रमदेखि नै लैंगिक विभेदको चपेटामा समाजले सामाजिकीकरण गर्दै लग्यो। त्यसकारण उनीहरु लैंगिक विभेदका विरुद्धमा अगाडी आउन अकमकाइ रहे। जसले गर्दा उनीहरु जघन्य हिंसाका सिकार भइराखेका छन।

महिलामाथि भइराखेका एसिड आक्रमणका घटना विचलन मानसिकताको डरलाग्दो उदाहरण हो। एसिडले जलेको दाग सामान्य अवस्थामा आउन निकै कठिन हुने हुनाले यो जतिको पीडा जिवनमा के नै हुन सक्छ र ? एक ठाउँमा भएको घाउले हजार ठाउँ चिमोटिरहन्छ जसले गर्दा हजारौ पटक पीडकको काहाली लाग्दो दृष्यहरु आफू सामु आउँदा राज्यप्रति आक्रोस पोख्नु कुनै अनौठो विषय हुँदैन।

चिया त तातातातो मुखमा लगाउँदा जिब्रो पोलेर सहन गाऱ्हो हुने महसुस गरेको मान्छेले हातमा छिटा लाग्यो भने पनि प्वाल पार्ने एसिड कसरी अनुहारमा छ्याप्न सकेको होला ? सामाजिकीकरणको दौडानमा महिलाहरुको दर्जा तल र पुरुषको दर्जा माथि छ भन्ने मानसिकता हामी सबैमा रहिरहेको हुनाले पनि महिलामाथि हुने एसिड प्रहार जस्ता जघन्य हिंसालाई बल पुगेको हुनुपर्छ। एसिडले जलेको अनुहार लिएर मुस्कुराउँदै हरेक पल समाजसँग रमाउनका लागि खुसी देखाउने साहसलाई स्यालुट गर्न किन कन्जुस गर्ने ? एसिड आक्रमणमा परेका महिलाहरुले आफूमाथि पोखिने हरेक विचारका शब्दहरुलाई कसरी पचाइरहेका होलान ?

एसिडले जिउँदै जलाइएकाहरुको पीडालाई यो राज्यले कहिले बोध गर्ला ? एसिडको लडाइलाई जितेको अनुहारले समाज जित्न कति गाऱ्हो छ भन्ने कुरा राज्यले कहिले बुझ्ला ? महिला अधिकारका विषयमा राज्य जहिले पनि संवेदनशिल हुने आर्दशका शब्दहरु पोख्दै गर्दा दिउँसै एसिडले महिला तथा किशोरीहरु जलाइएको खबरले राज्यको मन पोलेको छ कि छैन ? एसिड प्रहारको पहिलो घटना हुँदा नै राज्यले थप यस्तै किसिमका घटना नदोहोरिन कालागि कुन कदम उठायो ? यसको उत्तर राज्यसँग छ ?

प्रतिनिधिसभामा ३२.७३ प्रतिशत, राष्ट्रिय सभामा ३७.२९ प्रतिशत र स्थानीय तहमा ४०.९३ प्रतिशत महिलाहरुको प्रतिनिधित्व गराएको यो राज्यले उनीहरुमाथि हुने एसिड प्रहार जस्ता जघन्य अपराध किन रोक्न सकिराखेको छैन। राज्यका निकायहरुमा महिलाहरुको प्रतिशत वृद्धिले मात्र महिला हिंसा निर्मुल नहुने विषयमा राज्य कहिले चनाखो होला ? महिलामाथि हुने एसिड प्रहारको चिन्ता महिलालाई मात्र हैन पुरुषलाई पनि त्यत्तिकै हुनु पर्दछ। करिब सात वर्षको अन्तरालमा भएका एसिड आक्रमणका २३ घटनामध्ये १९ वटा घटना महिला तथा किशोरी माथि भएका छन्। एसिड आक्रमणकारी किन पुरुष मात्र हुँदै छन् ? यसको मनोवैज्ञानिक विचलनको पाटोमा बहस गर्ने कि ? मुस्कान खातुनको मुस्कान खोस्नेहरु पनि मात्र १५ वर्षका कलिला बालक नै थिए। हामीले कुन सिकाइ र व्यवहारमा हाम्रा बालबालिकालाई सोसोलाइजेसन गर्दैछौ ? सोसोलाइजेसनका गलत मान्यतालाई एक पटक समिक्षा गर्ने की ? केटाको प्रेम अस्वीकार गर्दा हेटौडाकी बिन्दासिनीले एसिडले जल्नु पऱ्यो। केटालाई इग्नोर गरेकै कारण संगीता र सम्झनाले एसिडको जलनलाई सामना गर्नु पऱ्यो। विहेको प्रस्ताव नमान्दा चितवनकी बसन्ती परियारले एसिड प्रहारको सिकार हुनुपऱ्यो। लोग्नेले भनेको नमान्दा श्रीमानले जेनी खड्कालाई एसिड प्रहारले जवाफ दिए। आफूभन्दा दोब्बर जोठो मान्छेले राखेको प्रेम प्रस्ताव नमान्दा रौतहटका सम्झना र सँगै सुतेकी सुस्मीतालाई एसिड प्रहार भयो अन्तत उपचारको क्रममा सम्झनाको दुखद निधन भयो। प्रेम प्रस्ताव नपचा एकै कारण काठमाडौंमा पवित्रा कार्कीमाथि बुबा उमेरका मान्छेको योजनामा एसिड प्रहार भयो। यसरी विभिन्न कारणले नजिक हुने र नमान्दा एसिड छयापेर रिस साध्ने ठरलाग्दो योजनाको चपेटाबाट महिलाहरुलाई संरक्षण गर्नका लागि यो राज्य कठोर हुनुपर्ने अवस्था देखिँदैछ। एकपछि अर्को गर्दै एसिड प्रहारका घटनाहरु घटिरहँदा राज्यका निकायहरुले प्रभावकारी काम गर्न चुक्नु आफैमा पीडादायी छ। सुन पसल तथा हार्डवेयरमा एसिड सहजै रुपमा उपलब्ध हुने भएका कारण पनि अपराधिक प्रवृत्तिका मान्छेहरुलाई एसिड प्रहारले रिस साँध्न सहज भएको हुनुपर्छ। विषेश गरी प्रेमको खटपट प्रेममा धोका जस्ता विषयहरुमा एसिड प्रहार भएका छन्। प्रेममा धोका हुँदा त भावुकता हुनु पर्नेमा त्यसो नभइ रिसको आवेग किन झल्कीरहेको छ ? अनि एसिड प्रहार पनि किन अनुहारमा नै हुन्छ ? अनुहार नै विगार्नुको पछाडी कुन उद्देश्यले काम गर्दैछ ? हाम्रो समाजमा प्रेम अस्वीकार गर्नु ठूलै अपराधको रुपमा किन मौलाइरहेको छ ? केटाले प्रेम अस्वीकार गर्दा केटीले उसको भलाइका लागि हरेक मन्दिरमा दियो बाल्छीन् अदृश्य सम्झना छ भन्दै कुनामा बसेर आँसु झार्छिन् तर केटीले प्रेम अस्वीकार गर्दा एसिड प्रहारको जलनले जवाफ दिइन्छ अखिर किन ? आफ्नो पुरुषत्व देखाउन ? पितृसत्तत्मक समाजको प्रतिक हुन ? आफूलाई शक्तिशाली पुरुष देखाउन ? मुखमा सामान्य मास्क बोक्दा त अप्ठयारो हुने हामीलाई जिवनभरी दागको मास्क बोकेर हिँडने एसिड सरभाइबलको पीडा अन्दाज गर्न पनि हामी सक्दैनौ। एसिड प्रहारबाट विचलित भएको अनुहार हामीलाई स्वीकार गर्न निकै कठिन हुन्छ। तर उनीहरुले आफैंलाई कसरी स्वीकार गरेका होलान्। साच्चै ती मुटुमा आँट र साहसको महासागर नै हुनुपर्दछ। एसिड प्रहारमा पारिवारिक तथा सामाजिक भयावह डरलाग्दो रुपमा झाँगिदै गइरहेको कुरालाई राज्यले बेलैमा महसुस गरेर सोही अनुसार राज्य संयन्त्रहरुलाई क्रियाशिल गराउन जरुरी छ।

कानुन आफैले कहिले काम गर्दैन जबसम्म व्यक्तिले काम गर्दैन कानुनको कुनै मतलबै हुँदैन। कानुनमा एसिड प्रहार गर्नेलाई १८ वर्षसम्म सजाय हुने व्यवस्था छ। एसिड हानेर घाइतेको ज्यान गएमा कतर्व्य ज्यान मुद्दा लाग्ने प्रवाधान मुलुकी अपराध संहिता २०७४ मा छ। संहिताको दफा १९३ मा तेजाव वा अन्य रसायनिक जैविक वा विषालु पदार्थ प्रयोग गरी कुरुप पार्नेलाई कसुरको प्रकृति हेरी अनुहार कुरुप पारेमा ५ देखि ८ वर्ष कैद एक लाखदेखि पाँच लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ। कानुनमा मात्र लेखेर के गर्ने कनुन कार्यान्वयन व्यक्तिले गर्ने हो। त्यस कारणले कानुनमा भएका व्यवस्थाहरुलाई कार्यान्वयको सहि मार्गमा अवतरण गराउने जिम्मा व्यक्तिको हुने हुनाले राज्यका अधिकार सम्पन्न निकायमा रहने व्यक्तिहरुले आगामी दिनमा यस किसिमका कुरुपजन्य अपराधलाई रोक्नका लागि हरतरहले चनाखो हुनु जरुरी छ। सजायकै कुरा गर्दा एसिड बिक्री वितरण गर्नेलाई पनि १० वर्षको कैद हुने व्यवस्था छ।

तर आजसम्म एसिड बिक्री गर्नेलाई सजाय भएको कुनै समाचारमा सुनिएकै छैन। एसिडसँग लडेर जितेकाहरुलाई यो राज्यले विशेष व्यवस्था गर्नुपर्ने हो। तर त्यसो गरेको पनि सुनिएको छैन। जताभावी एसिड बिक्री र वितरण गर्न राज्यले तत्काल रोक लगाउनु पर्दछ। एसिडको कारावार गर्नेहरुलाई लाइसेन्सको व्यवस्था गरी उनीहरुको नियमन तथा अनुगमन राज्यले कडाइका साथ गर्नुपर्दछ। कठोर रुपमा राज्यका निकायहरुले एसिड प्रकार जस्ता जघन्य अपराधका घटनामा नियमनकारी भूमिका नेखेलेसम्म आगामी दिनमा पनि धेरै मुस्कान खातुनहरुको मुस्कान खोसिने श्रृङखला बन्द हुने छाँट देखिँदैन।

## सामाजिक सञ्जाल



हरेक ठूला संकटसँगै दूरदर्शी नेतृत्व पनि जन्मिन्छ भन्ने गरिन्छ। अहिलेको विश्वमा र नेपालमा पनि त्यो सम्भावना कत्तिको छ ? कोरोना संकटबाट विश्वलाई पार लगाउने नेतृत्व साँच्चै भगवानभन्दा पनि पूजनीय हुनेछन्। नेपालमा पनि संकटको व्यवस्थापन गर्ने दूरदर्शी नेतृत्वको खाँचो देखिन्छ।

**– आनन्दराज बतास**



कोरोना सायद क्लाइमेक्समा पुग्दैछ। यो बेला प्रधानमन्त्रीको स्वास्थ्य देश र जनताको चासोको कुरा हो। कम्तिमा दुई साता बाह्य भेटघाटहरू पूर्णरूपमा बन्द गरियोस्। उहाँ त भेटघाट भनेपछि खान पनि बिर्सनु हुन्छ तर रोगसँग लड्ने क्षमता बढाउन पनि प्रमलाइ आराम गर्न दिउँ। संक्रमण बढ्यो। होस गरौ

**– अस्मिता थापा**



जनता छट्पटीएर मरिरहेको छन्। भक्तहरू प्रधानमन्त्रीलाई भन्दैछन् ( यो आँशुको व्यापार हो। प्रधानमन्त्रीलाई पनि कुरो सही लागेको छ।

**– अन्विका गिरी**



नेपालको आर्थिक–सामाजिक विकासमा सहयोग गर्दै आएका संस्थाका प्रतिनिधि र र सहयोगी मन भएका विदेशीलाई डाँडा काँडा घुमाएर 'केही त हुन्छ' र 'सीघ्र मीठो प्रतिफल' पाइएला भन्दै गरीव नेपालीलाई सपना बेच्नु पनि कला हो, जुन हर कोहीसँग हुँदैन।

**– प्रकश रिमाल**

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article .madhyanhadaily@gmail .com

# जनसंख्याको वृद्धिदर घट्दाको चिन्ता



**रमेश घिमिरे**

सन्तान उत्पादनको सोचाइ र मान्यता विश्वमै परिवर्तन भएको छ। मानिसहरू आफूलाई जति विकसित र आधुनिक ठान्छन्, उति नै सन्तान उत्पादनलाई कम महत्व दिएको पाइन्छ। परिवारमा महिला र पुरुषको भूमिका सम्बन्धमा विद्यमान परम्परागत अवधारणा र परिवार संरचनामा परिवर्तन भएको छ। विगतमा बढ्दो जनसंख्या व्यवस्थापनलाई प्रमुख चुनौती मानिएको थियो। अब भने विश्वमा घट्दो जनसंख्याले मानव सभ्यताको भविष्यलाई गम्भीर प्रभाव पार्ने विषय चर्चामा आएको छ। एक दम्पतीले दुई सन्तान जन्माउने हो भने पृथ्वीको जनसंख्या स्थिर रहन्छ। सन्तान उत्पादन नगर्दै २० जनामा १ जनाको रोग र दुर्घटनाको कारण मृत्यु हुने गरेको विश्व तथ्यांकले देखाउँछ। त्यसैले जनसंख्या दर २.१ रहे मात्र जनसंख्या स्थिर रहन्छ। त्यसमा कम उमेरमा सन्तान उत्पादन र औसत आयु लामो हुँदा जनसंख्या बढ्छ भने त्यसको उल्टो हुँदा घट्छ। यस्तो घटबढ निश्चित सीमाभित्र मात्र हुन्छ। यसले अनियन्त्रित वृद्धि वा ह्रास गराउँदैन। महाविपत्तिका कारण धेरै मानिसको एकैपटक मृत्यु भएको अवस्थामा भने जनसंख्यामा ह्रास आउँछ।

सन् १७९८ मा प्रकाशित माल्थसले जनसंख्या सिद्धान्तअनुसार पृथ्वीको जनसंख्या ज्यामितीय ढंगले बढ्दै जान्छ र यसलाई नियन्त्रण गर्न प्रकृतिले नै महाविपत्तिहरू सिर्जना गर्छ। माल्थसले भनेजस्तो जनसंख्या बढी भएपछि नियन्त्रणका लागि यस्तो विपत्ति आउने कुरा प्रमाणित छैन। पुराणहरूको अध्ययन गर्दा ठूलो मानवीय क्षति गर्ने महाविपत्ति र महायुद्धहरू प्राचीन समयमा पनि हुने गर्थे। त्यसैले जनसंख्या बढी नहुँदा पनि महाविपत्ति आउन सक्छ भन्ने अनुमान गर्न सकिन्छ।

विगतमा ठूलो संख्यामा रहेका कैयौं जीवजन्तु अहिले लोप हुने खतरामा रहेका छन्। विकसित समाजमा सन्तान उत्पादनमा रहेको अनिच्छालाई आधार लिएर भविष्यमा मानिस पनि लोपोन्मुख हुने परिकल्पनामा सिनेमाहरू बनेका छन्। सर्जकहरूले परिकल्पना गरेका यस्ता अवस्थालाई वैज्ञानिक अध्ययनले पछ्याएको छ।

मेडिकल जर्नल ल्यान्सेटमा २०२० जुलाई १४ मा प्रकाशित अनुसन्धान प्रतिवेदनअनुसार पृश्वीको जनसंख्या सन् २०६४ मा अधिकतम ९ अर्ब ७० करोड पुगेर घट्न थाल्नेछ। २१ औं शताब्दीको अन्त्य अर्थात् ३६ वर्षमा ८ अर्ब ८० करोडमा झर्नेछ। यो यसअघि प्रक्षेपण गरेभन्दा २ अर्ब कम जनसंख्या हो। “हामी सन् १९६४ बाट तथाकथित जनसंख्या विस्फोटमा साँच्चै नै केन्द्रित भयौं”, अनुसन्धानको नेतृत्वकर्ता डा. क्रिस्टोफोर माउरीले भनेका छन्, “अहिले एक्कासि हामी अति धेरै जनसंख्याबाट अति कम जनसंख्याको चिन्ता गर्ने बिन्दुमा पुगेका छौं।”

विगतमा सरकारहरूले जनसंख्या घटाउन जन्मदर कम गर्ने नीति लिए। उदाहरणका लागि चीनले सन् १९७९ देखि २०१५ सम्म एक सन्तान नीति कडाइका साथ लागू गऱ्यो। नेपाल सरकारले पछिल्ला दुई दशक 'दुई सन्तान, ईश्वरका वरदान' भन्ने नारा स्थापित गरी बढी सन्तान नजन्माउन प्रोत्साहन गऱ्यो। परिवार नियोजनका साधनहरूको प्रवर्द्धन गरेर जनसंख्या घटाउने रणनीति विश्वभर अवलम्बन गरियो।

विकसित मुलुकहरूमा मृत्युदरभन्दा जन्मदर कम रहेको छ। अतिकम विकसित र विकासशील देशमा मात्र जन्मदर घनात्मक छ। सबै देशहरू क्रमशः विकसितको बाटोमा छन्। विकाससँग जीवनशैली र संस्कृतिमा आएको प्रभावले जनसंख्यालाई गम्भीर असर पारिरहेको छ। पहिलेको तुलनामा ढिलो विवाह गर्ने, सन्तान नजन्माउने, ढिलो जन्माउने वा थोरै जन्माउने प्रचलन बढ्दै गएको छ। अल्पविकसित मुलुकहरूबाट विकसित मुलुकमा बसाइँसराइ गर्ने विधिबाट विकसित समाजमा जनसंख्याको सन्तुलन कायम भइरहेको छ। अमेरिका, अस्ट्रेलिया, क्यानडालगायत मुलुकले आप्रवासी भित्र्याएर जनसंख्या सन्तुलित बनाउने नीति लिएका छन्। थरीथरीका आप्रवासीबाट विकसित भएका मुलुकका लागि जनसंख्या सन्तुलन राख्न यो विधि उपयुक्त हन्छ। तर, सांस्कृतिक राष्ट्रहरूका लागि यो विधि उपयुक्त हुँदैन। क्यानडालगायतका मुलुकले बच्चा जन्माउने महिलाका साथै दम्पती र शिशुका लागि प्रोत्साहन प्याकेजको योजना सञ्चालन गरिरहेका छन्।

विकसित समाजमा जन्मदरलाई गरिएको प्रोत्साहन र आप्रवासनका बावजुद जनसंख्यामा सन्तुलन कायम हुन नसक्ने देखिएको छ। अध्ययनमा समेटिएका विश्वका १ सय ९५ देशमध्ये सन् २१०० सम्म १ सय ८३ देशमा अहिलेको जनसंख्या कायम राख्ने जन्मदर हुने छैन। एसिया र युरोपमा जनसंख्या तीव्रतर घट्नेछ। जापान, दक्षिण कोरिया, थाइल्यान्ड, स्पेन, इटालीलगायत २३ मुलुकको जनसंख्या २१०० सम्म आधाले कम हुनेछ। अफ्रिकन मुलुकको जनसंख्या भने तीन गुणा बढेर विश्वको आधा जनसंख्या अफ्रिकाले ओगट्नेछ। चीनको श्रम सक्रिय युवा जनसंख्या कम हुन थालिसकेको छ भने भारतको पनि यही अवस्था हुनेछ।

कुल जनसंख्या घटेसँगै विश्वमा ज्येष्ठ नागरिकको संख्यामा वृद्धि हुनेछ। २१०० सम्म ८० वर्ष नाघेका मानिसको संख्या अहिलेभन्दा ६ गुणा बढ्नेछ। सरकारलाई कर तिर्ने युवा जनसंख्या कम हुने तर सरकारले खर्च बेहोर्नुपर्ने ज्येष्ठ नागरिकको संख्या बढ्ने अवस्थाले सार्वजनिक वित्तमा संकट ल्याउनेछ। सामाजिक सुरक्षा खर्च अहिले नै कतिपय विकसित मुलुकमा समस्याका रूपमा रहेको छ।

जनसंख्या वृद्धिको कारण खाद्यान्न अभाव र प्राकृतिक सम्पदा अतिक्रमण बढ्ने भनी चिन्ता व्यक्त हुँदै आएको थियो। अब मानव सभ्यताको आवश्यकता पूर्ति गर्न जनसंख्या कम हुने देखिएको छ। न्यून जनसंख्या एउटा संकटका रूपमा प्रक्षेपण गरिएको छ। जनसंख्याको संरचनामा हुने परिवर्तनलाई अर्को संकटका रूपमा अनुमान गरिएको छ। यसले उत्पादन, वितरण र उपभोगको प्रणालीमा गम्भीर असर पर्नेछ।

औषधि–उपचार र आरोग्यका कारण मानिसको आयु लम्बिँदै गएको छ। सन्तान जन्माउन रुचि घट्नु र मानिसको आयु बढ्दै जानाले पृथ्वीमा सक्रिय श्रमशक्ति युवा उमेरको कमी भई परनिर्भर वृद्धवृद्धाको संख्या बढ्नेछ। एकातिर बालबालिकाको खर्च र अर्कातर्फ ज्येष्ठ नागरिकको खर्च बेहोर्दा सामाजिक सुरक्षामा सरकारलाई अत्यधिक चाप पर्नेछ।

बालक, युवा र ज्येष्ठ नागरिक समूहको जनसंख्या सन्तुलित रहेन भने अर्थतन्त्रको सम्बन्धमा खलल पर्छ। अर्थतन्त्रका लागि युवाको संख्या जति बढी भयो, उति लाभदायक हुन्छ। तर, यो आदर्श अवस्था चाहेर सधैं प्राप्त हुँदैन। युवाको संख्या कम र ज्येष्ठ नागरिकको संख्या बढी भइसकेपछि जन्मदर बढाउनुपर्ने बाध्यता आइपर्छ। जसबाट शिशु र बालबालिकाको संख्या बढ्छ। यो अवस्थामा पनि सरकारको सामाजिक सुरक्षा खर्च बढाउनुपर्ने हुन्छ।

परम्परागत र सांस्कृतिक मान्यताका आधारमा जनसंख्या कायम हुँदै आएको थियो। उदाहरणका लागि नेपाल र भारतमा संयुक्त परिवारको अवधारणा थियो। पारिवारिक सुख, सन्तुष्टि र रमाइलोका लागि सन्तान जन्माउने परम्परा थियो। वृद्धावस्थामा पालनपोषण र स्याहारसुसार गर्न सन्तान चाहिन्छन् भन्ने मान्यता थियो। महिलाको प्राथमिक दायित्व सन्तान जन्माउने र हुर्काउने हुने गर्थ्यो।

पछिल्लो समय एकल परिवारको अवधारणा आत्मसात् गर्न थालिएको छ। महिला पनि पुरुषसरह रोजगारीमा सहभागी हुने मान्यता लागू भएको छ। मानिसहरूको जीवन कामकाजमा व्यस्त भएको छ। सन्तान जन्माएर हुर्काउन समय दिन नसकिने, महिलाको शारीरिक सौन्दर्यमा प्रतिकूल असर पर्ने र हुर्काउन आर्थिक क्षमता नहुने जस्ता कारणले सन्तान जन्माउन निरुत्साहन गरेको छ।


नयाँ एकल परिवारको अवधारणामा १८/२० वर्ष पुगेका सन्तान बाबुआमाबाट अलग्गिएर बस्छन्। परम्परागत मान्यतामा आजीवन सन्तानले साथ दिन्छन् भनेर सन्तानको मोह उत्पन्न हुन्थ्यो। अब आफ्नो बुढेसकालको जिम्मेवारी सरकारले लिने भएपछि सन्तान किन जन्माउने ? भन्ने प्रश्न मानिसहरूमा उब्जेको छ। सन्तान जन्माउन सरकारले प्रोत्साहन रकम दिनुपर्ने भएको छ, साथै हुर्काउने खर्च पनि सरकारले नै बेहोर्नुपर्ने भएको छ।

जनसंख्याको संरचनामा हुने परिवर्तनले देश विशेषको संस्कृति, अन्तरघुलित संस्कृति र भीड संस्कृतिमा गुणात्मक प्रभाव पार्ने देखिन्छ। त्यसैगरी आर्थिक संरचना र अर्थतन्त्रको सन्तुलनलाई पनि असर पार्नेछ। त्यसैले परम्परागत मान्यता र आधुनिक विकास मोडलबीचको सम्बन्धलाई पुनर्परिभाषा गर्नुपर्ने देखिन्छ। परम्परा र सांस्कृतिक मान्यतालाई अवैज्ञानिक भन्दै विकासका नाममा हामीले अंगिकार गरेका प्रविधि, प्रवृत्ति र मान्यताका कारण थाहै नपाई कतै हामी आफ्नो अस्तित्व जोखिममा पार्ने बाटोमा त हिंडेका छैनौं ? गम्भीर विचार गर्नुपर्ने देखिन्छ।

# डेमोक्र्याटको तर्फबाट ह्यारीस उपराष्ट्रपतिको उम्मेद्वार

**काठमाडौं/एजेन्सी–** अमेरिकामा आउँदो नोभेम्बरमा हुने राष्ट्रपति निर्वाचनका लागि डेमोक्र्याटिक उम्मेद्वार जो बाइडेनले उपराष्ट्रपतिका लागि सिनेटर कमला ह्यारिसलाई चुनेका छन् । लामो प्रक्रिया र विभिन्न चरणमा नेतृहरुसँग गरिएको अन्तर्वार्तापछि बाइडेनले कुनै समय राष्ट्रपति उम्मेद्वार बन्नका लागि आफूलाई चुनौती दिएकी सिनेटर ह्यारिसलाई 'रनिङ्ग मेट' अर्थात उपराष्ट्रपति उम्मेद्वार बनाउने घोषणा गरेका हुन् । उपराष्ट्रपति उम्मेद्वार बन्ने उनी पहिलो अश्वेत र एसियन अमेरिकन हुन् ।

इन्डियन-जमैकन वंशज रहेकी ह्यारिस क्यालिफोर्नियाकी सिनेटर हुन् । डेमोक्र्याटिक पार्टी भित्र राष्ट्रपतिको उम्मेद्वार बन्न चाहने धेरै नेताहरुमध्ये सुरुमा ह्यारिसलाई शीर्ष दाबेदारका रुपमा हेरिएको थियो । तर पछि उनको प्रदर्शन खासै राम्रो हुन सकेन र पछि हटी बाइडेनलाई समर्थन गरिन् ।



बाइडेनले डिबेटको क्रममा उपराष्ट्रपतिमा महिलालाई नै स्थान दिने घोषणा गरेका थिए, सोही अनुरुप बाइडेनले शीर्ष डेमोक्र्याट महिला नेतृसँग अन्तर्वार्ता गरे । सुरु देखि नै उपराष्ट्रपतिको दाबेदारमा अग्रस्थानमा रहेकी ह्यारिसलाई बाइडेनले 'रनिङ्ग मेट' चयन गरेका हुन् ।

प्रहरीको ज्यादतीका कारण अश्वेत अमेरिकी जर्ज फ्लोइडको निधनपछि देशभर सुरु भएको रंगभेद विरोधी आन्दोलनपछि बाइडेनलाई अश्वेत महिलालाई उपराष्ट्रपति उम्मेद्वार चयन गर्न दबाब थियो । डेमोक्र्याटिक पार्टीका लागि र बाइडेनका लागि अश्वेत तथा हिस्पेनिस अमेरिकन बलियो मताधार हुन्।

बाइडेन-ह्यारिसले आउँदो नोभेम्बर ३ मा हुने चुनावमा रिपब्लिकन राष्ट्रपति डोनाल्ड ट्रम्प र उपराष्ट्रपति माइक पेन्सको सामना गर्ने छन् । राष्ट्रपति कार्यालय ह्वाइट हाउसमा मंगलबार भएको पत्रकार सम्मेलनमा ट्रम्पले ह्यारिसलाई ' माइ नम्बर वान ड्राफ्ट पिक' भनेर परिभाषित गरेका छन् । ह्यारिसले ट्रम्पका रनिङ्ग-मेट उपराष्ट्रपति माइक पेन्ससँग उटाको सल्ट लेकमा आउँदो अक्टोबर ७ मा डिबेट गर्ने छिन् ।

अमेरिकाको इतिहासमा यसअघि मात्रै दुईपटक महिला नेतृलाई राष्ट्रपतिका उम्मेद्वारले अफ्नो रनिङ्ग मेटका रुपमा चयन गरेका छन् । सन् २००८ मा रिपब्लिकनबाट सारा पालिन र सन् १९८४ मा डेमोक्र्याटिक पार्टीबाट गेराल्डिन फेरारोलाई उपराष्ट्रपति उम्मेद्वार बनाइएको थियो । तर उनीहरु दुवै चुनावमा विजयी हुन सकेनन् ।

अश्वेत वर्गबाट अहिलेसम्म कुनै पनि महिलाले राष्ट्रपतिको उम्मेद्वार जितेका छैनन् । यस्तै अहिलेसम्म अमेरिकाले महिला राष्ट्रपति पनि पाएको छैन र महिला उपराष्ट्रपति पनि । जो बाइडेन विजयी भएमा ह्यारिस अमेरिकाको उपराष्ट्रपति बन्ने पहिलो महिला र पहिलो अश्वेत तथा एसियन अमेरिकन महिला हुने छिन् । बाइडेनले ट्वीट गरेर ह्यारिसलाई उपराष्ट्रपति उम्मेद्वारका रुपमा चयन गर्न पाउनु आफ्ना लागि ठूलो सम्मानको कुरा रहेको बताएका छन् ।

ह्यारिस निडर योद्धा र देशको उत्कृष्ट सेवक रहेको बाइडेनले बताएका छन् । ह्यारिसले आफ्नो दिवंगत छोरा बो बाइडेनसँग नजिकमा रहेर काम गरेको पनि बाइडेनले स्मरण गरेका छन् । त्यसपछि ह्यारिसले ट्वीट गरी भनेकी छन्, 'जो बाइडेनले अमेरिकी नागरिकलाई एकतामा बाँध्न सक्नुहुन्छ, किनकी उहाँले आफ्नो सम्पूर्ण जीवन हाम्रा लागि समर्पित गर्नु भएको छ ।'

राष्ट्रपतिका रुपमा बाइडेनले अमेरिकालाई अमेरिकीको सिद्धान्तमा उभ्याउने ह्यारिसले बताएकी छन् । ५५ वर्षकी कमला ह्यारिस गएको डिसेम्बरमा राष्ट्रपति उम्मेद्वार बन्ने होडबाट बाहिरिएकी थिइन् । उनी आप्रवासी अभिभावककी सन्तान हुन् । उनका पिता जमैकामा जन्मिएका हुन् भने आमा भारतमा जन्मिएकी हुन् ।

# न्युजिल्याण्डमा १०२ दिनपछि फेरि भेटिए कोरोना संक्रमित



**काठमाडौं/एजेन्सी–** न्यूजिल्याण्डको सबैभन्दा ठूलो शहर ओक्ल्याण्डमा पुनः लकडाउन लागू भएको छ । १०२ दिनसम्म स्थानीय संक्रमित बिहीन रहेको न्यूजिल्याण्डमा चारजनामा कोरोना भाइरसको संक्रमण देखिएपछि पुनः ओक्ल्याण्डमा लकडाउन लागू गरिएको हो । ओक्ल्याण्डमा तीन दिनका लागि लकडाउन लागु गरिएको न्यूजिल्याण्डका अधिकारीलाई उद्धृत गर्दै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

हालै यात्रा नगरेका एकै परिवारका चारजनामा मंगलबार कोरोना भाइरसको संक्रमण देखिएपछि स्थानीय संक्रमण मुक्त १०२ दिनको क्रम भंग भएको हो न्यूजिल्याण्डमा । संक्रमित व्यक्तिसँग सम्पर्कमा आएका व्यक्तिहरुको खोजीमा स्थानीय अधिकारीहरु सक्रिय भएका छन् । ओक्ल्याण्डमा लकडाउन बुधबारदेखि लागू भएको छ ।

ओक्ल्याण्डका बासिन्दालाई घरमै बस्न भनिएको छ । ठूलो संख्यामा मानिस भेला हुन पाउने छैनन्, अत्यावश्यक बाहेकका व्यवसायहरु बन्द गरिने छ र देशभर नै सामाजिक तथा भौतिक दूरी कायम गर्नु पर्ने नियम पुनः लागू हुने जनाइएको छ । समाचारमा प्रधानमन्त्री जासिन्डा अर्डेर्नले कोरोनाको संक्रमण फैलिन नदिनका लाग मुलुकमा फेरि प्रतिबन्धात्मक व्यवस्थाहरु लागु गर्न लाग्नु भएको उल्लेख छ । उनले सबैलाई घरमै बस्न र मास्क लगाउने, सामाजिक दुरी कायम गर्नेलगायतका आधारभूत सतर्कताहरु अपनाउन आग्रह गरेकी छन् । प्रधानमन्त्री जासिन्डाले कोरोनाका विरुद्धमा सबैजना फेरि एक पटक एकजुट भएर लड्ने र परास्त गरिछाड्ने बताएकी छन् । कोरोना भाइरसको महामारीका कारण विश्वमै सबैभन्दा कम प्रभावित अर्थात महामारीमाथि नियन्त्रण पाउन सकेको देशका रुपमा चिनिन्छ न्यूजिल्याण्ड । त्यहाँ अहिलेसम्म कुल संक्रमितको संख्या १२ सय २० छ भने २२ जनाको कोभिड-१९ बाट ज्यान गएको छ । न्यूजिल्याण्डमा गएको फेब्रुअरीमा पहिलोपटक कोरोना भाइरसको संक्रमण देखिएको थियो ।

# बेलायतको अर्थतन्त्र २० प्रतिशतले खुम्चियो

**काठमाडौं/एजेन्सी–** कोरोनाभाइरस नियन्त्रणका लागि लकडाउन गरिएका कारण बेलायतको अर्थतन्त्र दोस्रो चौमासिक अवधिमा २०.४ प्रतिशतले खुम्चिएको छ । बेलायतको अर्थतन्त्र यतिठूलो स्तरमा खुम्चिएको यो वर्षौंपछि पहिलो पटक हो ।

राष्ट्रिय तथ्याँक कार्यालयले यस वर्षको पहिलो तीन महिनामा अघिल्लो वर्षको सोही अवधिको तुलनमा महिनैपिच्छे २.२ प्रतिशतका दरले अर्थतन्त्र खुम्चिएको जनाएको छ ।

यस्तो परिस्थितिमा बेलायतको अर्थव्यवस्था मन्दीतर्फ अग्रसर भएको देखाएको छ ।



युरोपका अरु मुलुकहरु खासगरी जर्मनी र फ्रान्स वा संयुक्तराज्य अमेरिकाको तुलनामा बेलायतको अथतन्त्र बढी नै संकुचित भएको छ । तर तथ्याँक कार्यालयले लकडाउनमा सहजीकरण गर्न थालेयता जुन महिनामा अर्थतन्त्रमा निकै सुधार आएको बताएको छ । कार्यालयका अनुसार जुन महिनामा बेलायती अर्थतन्त्र ८.७ प्रतिशतले वृद्धि भएको छ । तथ्याँकशास्त्री जोनाथन अथोले जुनमा बेलायतका पसलहरु खुलेका, कारखानामा उत्पादन हुन थालेको तथा घर निर्माणका कार्यहरु पुनः शुरु भएको बताए । बेलायत सरकारले हाल बन्द अवस्थामा रहेका पब, रेष्टुराँहरु खोल्न थालिए अर्थतन्त्रमा व्यापक सुधार आउने जनाएको छ । बेलायती अर्थमन्त्री रिशी सुनाकले कोरोनाभाइरसको प्रभाव अझै देखिएकाले कठिन समय अझै बाँकी रहेको बताउँदै अहिल्यै दशौं हजारले रोजगारी गुमाएका र आगामी महिनामा त्यो संख्या अझ बढ्न सक्ने जानकारी दिए ।

जहाँसम्म, बेलायत सरकारले मजदुरको ज्याला भुक्तानीमा कम्पनीहरुलाई आर्थिक सहायता गरिरहेकाले पनि अर्थतन्त्रलाई पुनर्जीवन दिन सहज हुने बेलायती अर्थविज्ञहरुको ठम्याई छ । सरकारले झण्डै १२ लाख रोजगारदाताले कामबाट विदा दिएका झण्डै ९६ लाख मजदुरलाई तलबी आर्थिक सहायता दिइरहेको छ, र यो सहायता अंक करिब ४४ अर्ब डलर छ ।

# 'एलएसीमा चीनलाई टक्कर दिन भारतीय सेना तयार'



**काठमाडौं/एजेन्सी–** भारतका चिफ अफ डिफेन्स स्टाफ (सीडीएस) विपिन रावतले सीमा क्षेत्र वास्तविक नियन्त्रण रेखा (एलएसी) मा चीनलाई टक्कर दिन भारतीय सेना तयार रहेको बताएका छन् । संसदीय समितिलाई सेनाको अवस्थाबारे जानकारी दिने क्रममा एलएसीमा लामो समयसम्म चीनको सामना गर्न र जाडोको समयमा पूर्वी लद्दाख क्षेत्रमा तैनाथ हुनका लागि तयार रहेको बताएका हुन् ।

हिन्दुस्तान पत्रिकामा छापिएको खबर अनुसार सीडीएस र सेनाका शीर्ष अधिकारीले संसदको लेखा समितिमा एलएसीमा चीनले अभ्यासको नाममा सीमा क्षेत्रमा निर्माणको काम गरेको बताए । शिनजियाङ्गमा तैनाथ सैनिकहरु तीव्ररुपमा भारतीय क्षेत्रमा प्रवेश गरेको पनि उनीहरुले संसदीय समितिलाई बताएका छन् । चीनले सीमा आसपासका क्षेत्रमा झण्डै ४० हजार सैनिक तैनाथ गरेको दाबी छ ।

भारत र चीनबिच विभिन्न चरणमा वार्ता भए पनि केही क्षेत्रबाट पछि हट्न चीन तयार नभएको भारतीय पक्षको दाबी छ । अवस्था सामान्य हुन अझै केही समय लाग्ने सीडीएसले संसदीय समितिलाई बताएको स्रोतलाई उद्धृत गर्दै हिन्दुस्तानले लेखेको छ । रावतले भनेका छन्, 'भारत चीनको कुनै पनि दुस्साहसको जवाफ दिनका लागि पूर्ण रुपमा तयार छ। तनाव कम हुनका लागि समय लाग्ने बताइएको छ । तर हामी कुनै पनि अवस्थाको सामना गर्नका लागि तयार छौं । लद्दाखमा त्यसका लागि आवश्यक व्यवस्था पनि गरिएको छ ।'

# बैंग्लोरमा प्रहरीको गोली लागेर २ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** भारत बैंग्लोरको पूर्वी क्षेत्रमा प्रहरीले चलाएको गोली लागेर दुईजनाको ज्यान गएको छ । भिडले दुईवटा प्रहरी चौकी तथा एक कांग्रेस विधायकको घरमा आक्रमण गरेको थियो। त्यसपछि प्रहरीले गोली चलाएको भारतीय सञ्चारमाध्यमले जनाएका छन् । सामाजिक सञ्जालमा गरिएको एक पोस्टको विरोधमा प्रदर्शन गर्दै आक्रोशितहरुको भिड प्रहरी चौकी पुगेको थियो ।



बैंग्लोरको डीगे हल्ली र केजी हल्ली क्षेत्रमा कर्फ्यू जारी गरिएको बैंग्लोरका प्रहरी अधिकारी कमल पन्तले बताएका छन्। अहिलेसम्म प्रहरीले ११० जनालाई पक्राउ गरेको स्थानीय प्रहरीलाई उद्धृत गरी समाचार संस्था एएनआईले जनाएको छ । पुलिकेशिनगरका कांग्रेस विधायक अखण्ड श्रीनिवास मूर्ति एक आफन्तले सामाजिक सञ्जालमा धार्मिक भावनामा ठेस पुग्ने आपत्तिजनक पोस्ट गरेको र त्यसको विरोधमा मंगलबार बेलुका ठूलो संख्यामा मानिसहरु भेला भएको जनाइएको छ ।

उनीहरुले सामाजिक सञ्जालमा पोस्ट गर्ने व्यक्ति विरुद्ध कारवाहीको माग गरेका छन् । सामाजिक सञ्जालमा पोस्ट गर्ने व्यक्तिलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । पक्राउ पर्ने व्यक्तिको नाम नविन रहेको र उनी कांग्रेस विधायकका भतिज रहेको प्रहरीले उल्लेख गरेको छ ।

कुनै विकल्प नभएपछि भिड नियन्त्रणका लागि गोली चलाएको प्रहरीको दाबी छ । कर्नाटकका गृह मन्त्री बसवराज बोम्मईले प्रहरीको गोली लागेर दुईजनाको ज्यान गएको पुष्टि गरेका छन् । यस्तै कांग्रेस विधायकले भिडियो सन्देश जारी गरेर मुसलमानसँग शान्ती कायम गर्न अपिल गरेका छन् ।


## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/२९

यस कम्पनीको मिति २०७४/१०/२१ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **इन्टरनेशनल माइनर्स एण्ड रिसर्च सेन्टर प्रा.लि. (प्रा.लि.नं. १८३००१)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७४/१०/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **वर्ल्डवाइड माईन्स डिलर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२९

यस कम्पनीको मिति २०७७/०४/१५ मा सम्पन्न वार्षिक साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **सुक्रास कन्स्ट्रक्सन तथा सप्लायर्स प्रा.लि. (प्रा.लि.नं. १४६३५८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०४/२२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **लमजुङ्ग चितवन कृषी फर्म तथा अनुसन्धान केन्द्र प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७७/०४/२९

यस कम्पनीको मिति २०७६/०३/२९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **एस.आर.एस. स्टिल्स एण्ड इन्जिनियरिङ्ग वर्कश प्रा.लि. (प्रा.लि.नं. २१०२११)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७६/०५/२४ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **एस.आर.एस. स्टिल्स एण्ड इन्जिनियरिङ्ग वर्कश प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०४/२९

यस कम्पनीको मिति २०७६/११/१८ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **आई. टी. सर्भीस प्रा.लि. (प्रा.लि.नं. ४१८६०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७/०२/१३ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **ट्राभल सिष्टम प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

## कतारमा रोजगार

कम्पनी : **ROYAL WAY TRADING AND CLEANING SERVICES**
शहर : **QATAR**

पूर्व स्वीकृत मितिः २०७६/१०/०८ चलानी नं.: ६०१५०३४३ LT. No.: 231129 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: QR | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Gen Clean Worker | 0 | 3 | | 900 | २९,५०० | | | | | | | |
| 3. | Gen Cleaning Worker | 0 | 1 | | 900 | २९,५०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा भदौ ३ गते (19 Aug. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनूहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. ६७१/०६३/०६४

**Dream & Guide System Pvt. Ltd.**
Basundhara-3, Kathmandu, Nepal, Tel.: 01-4356478, 4355307, Fax : 01-4386871
Email: dreamguidesystem@gmail.com, website: www.dreamandguide.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/१०/१५ मा दर्ता भएको **प्रा.लि. नं. २०७५५८/०७५/०७६** को **ए थ्री क्याफे प्रा.लि.**को मिति २०७७/०४/२८ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.** २८७,
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७२/०८/२८ मा दर्ता भएको **प्रा.लि. नं. १४२६१६/०७२/०७३** को **नेपाल पशुपंक्षी डेरी तथा कृषि कम्पनी प्रा.लि.**को मिति २०७७/०४/२८ मा सम्पन्न एकल शेयर धनीको विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरीएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं.** २८७,
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं.** ९८४१३४०४०३
**ईमेल :** rokayasherbahadur723@gmail.com

प्रथम पटक प्रकाशित : २०७७/०४/२९

## नाम परिवर्तन गरिएको सूचना

यस का.म.न.पा. वडा नं. -४ सुकेधारा स्थित वागमती आ. उच्च मा. वि. (प्रा.ली) रहेकोमा अब उप्रान्त वागमती आ. मा. वि (प्रा.ली) भै नाम परिवर्तन भएको व्योहोरा सबैको जानकारीका लागि सूचित गरीन्छ ।

# बक्स अफिस समाचार



## यस वर्षका सर्वाधिक महँगा पुरुष कलाकार

# एक नम्बरमा 'द रक' छैटौंमा अक्षय कुमार


जोन्सनपछि सर्वाधिक धेरै कमाउने अभिनेताको सूचिमा 'रेड नोटिस'मा उनीसँगै काम गरेका रायन रेनल्ड्स छन् । उनले ७१.५ मिलियन अमेरिकी डलर कमाएका छन् । यस्तै सूचिको तेश्रो स्थानमा अभिनेता तथा निर्माता मार्क वाहबर्ग छन् ।

काठमाडौं/एजेन्सी- हलिउड अभिनेता तथा पूर्व व्यवसायिक रेस्लर डायन जोनशन (द रक) लगातार दोश्रो वर्ष सर्वाधिक कमाइ गर्ने अभिनेता बनेका छन् । विश्व चर्चित पत्रिका फोब्समा प्रकाशित समाचारमा सन् २०१९ को जुन १ देखि सन् २०२० को जुन १ सम्मको अवधिमा ८७.५ मिलियन अमेरिकी डलर कमाइसहित उनी सूचिको पहिलो नम्बरमा परेका हुन् ।

यसमा नेटफ्लिक्सको थ्रिलर सिनेमा 'रेड नोटिस'का लागि लिएको २३.५ मिलियन अमेरिकी डलर पारिश्रमिक समावेश छ ।यसैगरी समाचारमा उनले आफ्नो फिटनेस लुगाको 'प्रोजेक्ट रक' ब्रान्डबाट पनि राम्रो कमाइ गरेको जनाइएको छ ।

जोन्सनपछि सर्वाधिक धेरै कमाउने अभिनेताको सूचिमा 'रेड नोटिस'मा उनीसँगै काम गरेका रायन रेनल्ड्स छन् । उनले ७१.५ मिलियन अमेरिकी डलर कमाएका छन् । यस्तै सूचिको तेश्रो स्थानमा अभिनेता तथा निर्माता मार्क वाहबर्ग छन् । उनको कमाइ ५८ मिलियन डलर रहेको छ। यस्तै चौथोमा बेन एफ्लेक छन् भने पाँचौमा भिन डिजेल छन् ।

छैटौं स्थानमा भने बलिउड अभिनेता अक्षय कुमारले बाजी मारेका छन् । उनको ४८.५ मिलियन अमेरिकी डलर कमाएको फोब्सले जनाएको छ । कमाइको अधिकाशं हिस्सा उनले विज्ञापन खेलेर कमाएका हुन् । उनीहरूसँगै धेरै कमाउने अभिनेताहरूको सूचिमा लिन-मानुयल मिरान्डा, विल स्मिथ, एडम सान्डलर र ज्याकी च्यान छन् । अभिनेत्रीहरूको सूचि भने सार्वजनिक गरिएको छैन। गत वर्ष अभिनेत्रीतर्फ भने ५६ मिलियन अमेरिकी डलर कमाइसहित स्कारलेट जोनसन सूचिको पहिलो नम्बरमा थिइन् ।



यसैबीच भारतमा भएको ताजा सर्वेक्षणअनुसार शाहरुख खान, सलमान खान, आमिर खान र अमिताभ बच्चन चर्चित अभिनेताको सूचीमा शीर्ष १० भित्र छन् । त र नम्बर १ अक्षयकुमार छन् । देशका २४ प्रतिशत जनताले अक्षयलाई नम्बर एक हिरो मान्छन् । मिडिया समूह इन्डिया टुडेले गरेको यस सैंमा देशका १२ हजार जनताको राय लिइएको थियो । यसमध्ये २४ प्रतिशतले अक्षयकुमार तथा २३ प्रतिशतले अमिताभ बच्चनलाई नम्बर एक अभिनेता माने ।


यस सर्वेक्षणमा शाहरुख खान ११ प्रतिशत भोटसहित तेस्रो स्थानमा, सलमान खान १० प्रतिशतसहित चौथो र आमिर खान ६ प्रतिशत भोटसहित पाँचौ स्थानमा छन् । अजय देवगन, ऋतिक रोशन र रणविर सिंहले समान ४-४ प्रतिशत भोट पाए ।

# सञ्जय दत्तलाई फोक्सोको क्यान्सर

**काठमाडौं/एजेन्सी-** अभिनेता सञ्जय दत्तलाई फोक्सोको क्यान्सर भएको छ । मंगलवार साँझ उनका नजिकका साथीले यो कुराको खुलासा गरेका हुन् । केही दिन अगाडि सास फेर्न र छातीमा समस्या भएपछि सञ्जय दत्त मुम्बईको लीलावती अस्पतालमा भर्ना भएका थिए । यसपछि उनको कोरोना टेस्ट गरिएको थियो, जुन नेगेटिभ आएको थियो । अब, उनी उपचारका लागि अमेरिका जाने बताइएको छ ।

सञ्जय दत्तले मंगलवार स्वास्थ्यका कारण केही समय फिल्मबाट ब्रेक लिने घोषणा गरेका थिए । उनले लेखेका थिए, 'म मेडिकल ट्रिटमेन्ट्सका कारण कामबाट केही समय ब्रेक लिँदैछु । मेरो परिवार र साथीको मलाई साथ छ। म सबै शुभचिन्तकसँग निवेदन गर्छु कि चिन्ता नलिनुहोला र अनावश्यक रुपमा अड्कल पनि नलगाउनुहोला । तपाईंको प्रेम र शुभकामनाले चाँडै फर्किनेछु ।'

सञ्जयलाई तेस्रो चरणको क्यान्सर भएको भारतीय मिडियाले बताएका छन् । अस्पतालबाट क्यान्सरको रिपोर्ट प्राप्त भएपछि उनी स्तब्ध भएका छन् । उनका एक साथीले बलिउड भाष्करलाई भनेका छन्, 'बाबा चिन्तित हुनुहुन्छ । उहाँको साना(साना छोरा-छोरी छन् । उनीहरु सबै आफ्नो आमासँग दुबईमा छन् । तर, यो भयानक खबर सुनेपछि उनीहरुका लागि निकै मुश्किल हुनेछ ।'



२९ जुलाई, १९५९ मा मुम्बईमा जन्मिएका सञ्जयले दुई हप्ता अगाडि आफ्नो ६१औं जन्मदिन मनाएका थिए । उनी दिवंगत अभिनेता सुनील दत्त र अभिनेत्री नरगिसको एक मात्र छोरा हुन् । उनको तीन विवाह भएको थियो । उनको तेस्रो विवाह २००८ मा मान्यतासँग भएको थियो, जसबाट २ जुम्ल्याह छोरा र छोरी छन् । उनको आमा नरगिसको क्यान्सरबाट निधन भएको थियो ।

# मह जोडीलाई 'चैत्यदेवी सिंह पुरस्कार'



**काठमाडौं/मस-** 'भुवन चैत्य बसुन्धरा' फाउन्डेसनले यस वर्षको 'चैत्यदेवी सिंह पुरस्कार' मह जोडीलाई प्रदान गरेको छ । मंगलवार राजधानीमा फाउन्डेसनकी अध्यक्ष बसुन्धरा भुसालको अध्यक्षतामा भएको कार्यक्रममा मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यलाई ५१ हजार राशीसहित सम्मान प्रदान गरिएको हो । यो फाउन्डेशनले हरेक वर्ष कला क्षेत्रमा आबद्ध व्यक्तिहरुलाई पुरस्कृत गर्दै आएको छ ।

कोरोना भाइरसको संक्रमणको जोखिमलाई ध्यानमा राख्दै सम्मान कार्यक्रममा ठूलो जमघट गरिएको थिएन । मह जोडीलाई कलाकार संघका अध्यक्ष रविन्द्र खड्काले रुद्राक्षको माला लगाइदिएका थिए भने भुवन-हरिष चन्दले दोसल्ला ओढाएर सम्मान गरेका थिए । कला क्षेत्रमा लामो समयदेखि योगदान पुऱ्याएको भन्दै उनीहरुलाई नगद राशीसहित सम्मान गरिएको हो ।

उक्त फाउन्डेसनले केही दिनअघि नृत्य निर्देशक भैरव बहादुर थापालाई 'हरिश भुवन चन्द पुरस्कार' र चरित्र अभिनेत्री शकुन्तला शर्मालाई ५१ हजार नगद राशीसहित 'चेतनारायण बसुन्धरा भुसाल पुरस्कार' बाट सम्मान गरेको थियो । भुवन चन्द नेपाली फिल्मको पहिलो नायिका, चैत्य देवी प्रथम रंगीन नेपाली फिल्मकी नायिका र बसुन्धरा भुषाल प्रथम हास्य अभिनेत्री हुन् ।

# आलियाको 'सडक २' ट्रेलरमा डिसलाइकको वर्षा



**काठमाडौं/एजेन्सी-** अभिनेता सुशान्त सिंह राजपूतको निधन र त्यसपछि चर्किएको आफन्तवाद विरुद्धको अभियानको प्रभाव महेश भट्टको निर्देशनमा तयार भएको चलचित्र सडक-२ मा पर्ने देखिएको छ । सुशान्तको निधनपछि उनका फ्यानहरुले नेपोटिजम विरुद्ध सामाजिक सञ्जालमा चर्को आवाज उठाएका थिए। उनीहरुले स्टार किड (स्थापित अभिनेता-अभिनेत्री, निर्माताका सन्तान) को चलचित्र बहिष्कार गर्ने घोषणा पनि गरेका थिए । त्यसको संकेत सडक-२ को ट्रेलरमा देखिएको छ ।

बुधबार बिहान सडक-२ को ट्रेलर युट्युब मार्फत सार्वजनिक भए लगत्तै सुशान्तका फ्यानहरुले त्यसलाई डिसलाइक गर्ने थाले । ट्रेलर सार्वजनिक भएको २४ घण्टा नबित्दै सडक-२ को ट्रेलर ३५ लाख ६९ हजार भन्दा धेरै पटक हेरिएको छ। तर यसमा डिसलाइक भने १० लाख ७ हजार भन्दा धेरैले गरेका छन् । ट्रेलर लाइक गर्नेको संख्या मात्रै १ लाख १७ हजार देखिएको छ । १ लाख ६३ हजार भन्दा धेरैले कमेन्ट गरेका छन् र कमेन्टमा पनि विरोध गर्नेहरुको संख्या धेरै रहेको छ ।

सडक-२ मा आलिया भट्टसँगै सञ्जय दत्त, पूजा भट्ट, आदित्य रोय कपूरसहितको अभियन छ । सडक-२ मा सुरुमा सुशान्त सिंह राजपूतलाई लिने कुरा भए पनि मिलेको थिएन । यो चलचित्र अगस्ट २८ मा स्ट्रिमिङ्ग सेवा डिज्नी प्लस हटस्टारमा रिलिज हुनेछ । केही समयअघि सार्वजनिक भएको सुशान्त सिंह राजपूतको अन्तिम चलचित्र दिल बेचरालाई भने उनका फ्यानले अति रुचाएका थिए ।




# अस्मिताको 'मुस्कान दिन्छु माया तिमीलाई'

**काठमाडौं/मस-** नेपाल आइडल फेम अस्मिता अधिकारीको स्वरमा रहेको नयाँ गीत रिलिज भएको छ । अधिकारीको स्वरमा रहेको 'मुस्कान दिन्छु माया तिमीलाई' बोलको उत रिलिज भएको हो ।

गीतमा रमेश पौडेल एमके पौडेलको शब्द तथा सुभाष भुषालको संगीत रहेको छ । यसैगरी गीतको भिडिओलाई गीतकार पौडेल आफैंले निर्देशन गरेका हुन् । भिडिओमा इमिली लामा र पासाङ लामा फिचर भएका छन् ।



# 'नेपहप स्टार' हुँदै

**काठमाडौं/मस-** नेपालमा नयाँ गायन रियालिटी शो 'नेपहप स्टार' हुने भएको छ । नेपालमा पहिलो पटक हुन लागेको 'नेपहप स्टार' ऱ्याप म्युजिक रियालिटी शो हो । उक्त शोमा सहभागी हुन देश विदेशबाट डिजिटल अडिसनबाट भाग लिन सकिनेछ । उक्त शोमा भाग लिन कुनै उमेरको हदबन्दी नतोकिएको र यस शोलाई राष्ट्रिय टेलिभिजनबाट प्रसारण गरिने आयोजकले जानकारी दिएको छ ।

आयोजकका अनुसार हाल कुन टेलिभिजनबाट प्रसारण गर्ने भन्नेबारे छलफल भइरहेको छ । शो प्रसारण सुरु भएपछि हप्तामा दुई पटक प्रसारण हुनेछ भने ३२ एपिसोडमा शोको फाइनल हुनेछ । शोमा बिजेता हुनेले पचास लाख नगदका साथै केही गिफ्ट ह्याम्पर पाउने आयोजकले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७७/०४/२५ को निर्णयानुसार यस शंखरापुर निर्माण सेवा प्रा.लि. को नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **शंखरापुर ढुवानी सप्लायर्स एण्ड वालुवा वासिङ्ग प्रा.लि. (Shankharapur Dhuwani Suppliers and Baluwa Washing Pvt. Ltd.)** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही व्यहोरा सर्बसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शंखरापुर ढुवानी सप्लायर्स एण्ड वालुवा वासिङ्ग प्रा.लि.**
**(Shankharapur Dhuwani Suppliers and Baluwa Washing Pvt. Ltd.)**
**(प्रा.लि.नं.: १७५८६०/०७४/०७५)**
**शंखरापुर न.पा. वडा नं. ७, काठमाण्डौं, बाग्मती प्रदेश**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हक दावी सम्बन्धी सूचना**


यस कार्यालयमा मिति २०७४/११/१३ मा दर्ता भएको **प्रा.लि. नं. १८४५४३** को **आइ. टी. ट्रेडर्स प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७७/०४/२९

साविक कम्पनी (नर्भिक ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि. /Norvic International College of Medical Sciences Pvt. Ltd.) को नाममा रहेको सम्पुर्ण चल अचल सम्पती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायीत्व आदि परिवर्तित नाम (एस.एस. ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि./S.S. International College of Medical Sciences Pvt. Ltd.) को कम्पनीले सकार्ने व्यहोर्ने गरी यस नर्भिक ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि.को नाम कम्पनीको विशेष साधारण सभाको निर्णय र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७७।०४।१९ को स्विकृती निर्णयानुसार परिवर्तन भै एस.एस. ईन्टरनेशनल कलेज अफ मेडिकल साईन्सेज प्रा.लि.कायम भएकोले सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

# फुटबलको अभ्यास पनि रोकियो




"विश्वकप छनोटका लागि भदौ १ गतेदेखि अभ्यास शुरू गर्ने योजनाका साथ खेलाडीहरूलाई काठमाडौंको होटेल र होम क्वारेन्टिनमा राखेको एन्फाले अर्को सूचना जारी नहुँदासम्मका लागि सबैलाई रिलिज गरेको जनाएको छ।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ साउन

अखिल नेपाल फुटबल संघ एन्फाले नेपाली राष्ट्रिय फुटबल टिमका खेलाडी र अफिसियल सबैलाई क्वारेन्टिनबाट रिलिज गरेको छ। विश्वकप छनोटका लागि भदौ १ गतेदेखि अभ्यास शुरु गर्ने योजनाका साथ खेलाडीहरुलाई काठमाडौंको होटेल र होम क्वारेन्टिनमा राखेको एन्फाले अर्को सूचना जारी नहुँदासम्मका लागि सबैलाई रिलिज गरेको जनाएको छ। कोरोनाको महामारी बढे पछि सरकारले भदौ एक गतेदेखि दिएको अनुमति प्रशिक्षण पनि स्थगित गरेको थियो। यसैगरी फिफा विश्वकप छनोटको खेल पनि स्थागित भएपछि नेपाली खेलाडीहरुलाई रिलिज गरिएको हो।

एन्फाले खेलाडी तथा प्रशिक्षकसहित अरु स्टाफहरुको पनि पीसीआर टेस्ट गराइसकेको थियो। एन्फा कमप्लेक्सको होस्टेलमा सार्ने तयारी गरिएको थियो। सोमबार गरिएको पीसीआर परीक्षणको नतिजा सबैको नेगेटिभ आएको छ भने मंगलबार गरिएको परिक्षणको भने नतिजा आउन बाँकी छ।

यसैबीच, विश्व फुटबलको नियामक निकाय फिफा र एसियन फुटबल फेडेरेस (एएफसी)ले अक्टोबरमा हुने तय भएको खेल स्थगित गरेपछि एन्फाले पनि अभ्यास तत्कालका लागि रोकेको छ।

फिफा र एएफसीले विश्वकप २०२२ तथा एएफसी एसियन कप २०२३ अन्तर्गतका खेल सारेर २०२१ मा गर्ने निर्णय गरेको थियो। उक्त निर्णय आएसँगै एन्फाले पनि भदौ १ बाट सुरु गर्ने भनेको राष्ट्रिय टोलीको अभ्यास रोक्ने निर्णय गरेको हो।

एन्फाले साउन १७ गतेदेखि खेलाडीलाई अभ्यासका लागि बोलाएर क्वारेटाइनमा राखेको थियो। एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पाले फिफा र एएफसीले अर्को मिति तय नगरेसम्मका लागि अभ्यास पनि रोकिएको बताएका छन्।

यसअघि एएफसी र फिफा विश्वकप छनोटका खेलहरु स्थगित भएको जनाएका थिए। कोरोना भाइरसको महामारी एशियाली क्षेत्रमा कम नभउको भन्दै एएफसीले यसअघि अक्टोबर नोभेम्बरमा तय गरिएको प्रस्तावित मिति पनि स्थगित गरिएको छ।


अब प्रतियोगिताको नयाँ मिति कोरोनाको परिस्थिति हेरेर २०२१ का लागि सारिएको छ। नेपालले चाइनीज ताइपेई, जोर्डन, अष्ट्रेलियासँग घरेलु मैदानमा खेल्न बाँकी छ। जसका लागि नेपालले असोज र कार्तिकमा खेल्ने योजना थियो।

नेपालले दोस्रो चरणको छनोट असोज २२ गते चाइनीज ताइपेईसँग, असोज २७ गते अष्ट्रेलियासँग र कार्तिक २७ गते जोर्डनसँग घरेलु मैदानमा खेल्ने संभावित तालिका थियो।

समुह बी मा रहेको नेपालले पाँच खेलमा तीन अंक रहेको छ। नेपालले चाइनीज ताइपईसँग जित निकाल्दा बाँकी खेलमा पराजित भएको थियो।

यस्तै, अखिल नेपाल फुटबल संघ एन्फाको कार्यालय पनि विहीबारदेखि बन्द रहने पनि जनाइएको छ। एन्फाको काम अब फेरि घरबाटै गरिने पनि जनाइएको छ।

# राखेपमा पीसीआर परीक्षण



**काठमाडौं, मस**–लायन्स क्लब अफ काठमाडौं मेल्भिन जोन्सको आयोजना तथा राष्ट्रिय खेलकुद परिषद (राखेप)को संयोजनमा बुधबार ब्याडमिन्टन खेलाडीसहित अन्य खेलका खेलाडी, पदाधिकारी र कर्मचारीको पीसीआर परीक्षणका लागि स्वाब संकलन गरिएको छ।


प्रशिक्षणमा रहेका ब्याडमिन्टनका खेलाडी र प्रशिक्षक गरी २० खेलाडी, कबड्डीका १५ जना, भलिबल, कराते, तेक्वान्दो, टेवल टेनिस, बक्सिङ र एथ्लेटिक्सका खेलाडीको स्वाङ संकलन गरिएको हो।

यससँगै नेपाल ओलम्पिक कमिटिका कर्मचारी, राखेप कर्मचारी, विभिन्न खेल संघका पदाधिकारीको राखेप हाताभित्र स्वाव संकलन गरिएको राखेप सदस्य, नेपाल ब्याडमिन्टन संघका उपाध्यक्ष तथा लायन्स क्लब अफ काठमाडौं मेल्भिन जोन्सका अध्यक्ष सुभास श्रेष्ठले जानकारी गराए।

राष्ट्रिय खेलकुद परिषदका सदस्यसचिव रमेश कुमार सिलवालसँगै भलिबलकी प्रतिभा माली, सलिना श्रेष्ठ र उषा भण्डारीलगायतले पिसिआर परीक्षण गराएका थिए।

खेलाडी, राखेप पदाधिकारी तथा कर्मचारी, ओलम्पिक कमिटिका कर्मचारी सहित खेलकुद क्षेत्रका २०० जनाको स्वाव संकलन गरिएको लायन्स क्लब अफ काठमाडौं मेल्भिन जोन्सका अध्यक्ष श्रेष्ठले जानकारी गराए।

# साग खेलेका चार पाकिस्तानीको पदक खोसियो



**काठमाडौं, मस-** नेपालमा आयोजना भएको १३औं दक्षिण एसियाली खेलकुद (साग) मा पदक जित्ने तीन खेलाडीलाई चार वर्षको प्रतिबन्ध लगाइएको छ। पाकिस्तानी तीन एथलेटिक्स खेलाडीलाई विश्व एन्टी डोपिङको नियमअनुसार दक्षिण एसियाली ओलम्पिक काउन्सिलले चार वर्षको प्रतिबन्ध लगाइएको हो।

नेपाल ओलम्पिक काउन्सिलले बुधबार एक विज्ञप्ति जारी गर्दै पाकिस्तानी तीन खेलाडीको डोपिङ परीक्षणमा असफल बनेपछि चार वर्षको प्रतिबन्ध लगाएको जनाएको छ।

उनीहरुको युरिन स्याम्पल परीक्षणका लागि वाडाबाट मान्यता प्राप्त कतारको राजधानी दोहास्थित एन्टी डोपिङ ल्याबमा पठाइएको थियो। ल्याबको रिपोर्टअनुसार पाकिस्तानका एथलेटिक्स खेलाडी सामी उल्लह, मोहम्मद नइन र मेहबुब अली छन्।

उल्लाहले सय मिटर स्प्रिन्ट दौडमा कास्य पदक जितेकी थिइन्। त्यस्तै मोहम्मदले सय मिटर हडल्स दौड र मेहबुबले चार सय मिटर हडल्स दौडमा स्वर्ण पदक जितेका थिए।

विश्व एन्टी डोपिङको नियमानुसार तीनै खेलाडीहरुलाई सोको जानकारी गराइएको र यदि बी स्याम्पल टेस्ट गर्न चाहेमा उक्त ल्याबमा सम्पर्क गर्न सक्ने भनी आवश्यक व्यवस्था मिलाइएको थियो। तर तीनजना खेलाडीहरुमध्ये दुईजना मोहम्मद र मेहबुबले पुन बी स्याम्पल टेस्ट गरेका थिए। पुन: परीक्षण गरिएका दुवै खेलाडीको रिपोर्ट फेरि पोजेटिभ आएपछि उक्त रिपोर्टलाई खेलाडीहरुले स्वीकारेको जनाएको छ।

तीनै जनालाई विश्व एन्टि डोपिङ कोड २०१५ को आर्टिकल १०.८, १०.२.१ र दक्षिण एसिया ओलम्पिक काउन्सिल एन्टी डोपिङ नियमको धारा (आर्टिकल) ७.१.१ अनुसार सन् २०१९ डिसेम्बर ३ तारिख देखि सन् २०२३ डिसेम्बर २ तारिखसम्मको लागि निलम्बन गरिएको जनाएको छ। त्यस्तै तीनैजना खेलाडीले प्राप्त गरेको पदक खोसिएको समेत जानकारी गराएको छ।

# भ्यालेन्सियाको खेलाडी बेच्ने योजना




**काठमाडौं, एजेन्सी–** भ्यालेन्सियाले आफ्नो टिमका एक खेलाडीबाहेक सबैलाई विक्रि गर्ने जनाइएको छ। डेलिमेलका अनुसार कोरोना भाइरसका कारण आर्थिक मन्दी लागेपछि त्यसलाई ब्यवस्थापन गर्न जोस गायाबाहेक सबै खेलाडीलाई विक्रिको सूचीमा राखेको हो।

जसमा विंगर फेरान टोरेस क्लव छोड्ने हाइप्रोफाइल खेलाडी रहेका छन्। उनी गत सातामात्र अर्को क्लवमा जाने निश्चित भएको थियो। भ्यालेन्सियालले आफ्ना खेलाडीहरु विभिन्न क्लवमा जाने तयारीमा रहेको बताएको छ।

नयाँ प्रशिक्षक जाभी गार्सियाले टिमका खेलाडीलाई विक्रि गर्नुपर्ने अवस्था आएको बताएका छन। उनी गत जुलाईमा टिमको प्रशिक्षकमा नियुक्त भएका थिए। पछिल्लो पटक भ्यालेन्सियाका केहि खेलाडीमा फेरी कोरोना देखिएको थियो। यो सिजनमा पछिल्लो तीन बर्षमा पहिलो पटक च्याम्पियन्स लिग खेल्नबाट चुकेको छ। तर अब टिमलाई बलियो बनाउन अहिलेका खेलाडीलाई विक्रि गर्ने क्लवले योजना बनाएको छ।

# युरोपा लिगको अन्तिम चारको समिकरण पूरा

**काठमाडौं, एजेन्सी–** युरोपा लिग फुटबलको सेमिफाइनल समिकरण पुरा भएको छ। गएराति भएको खेलबाट स्पेनको सेभिया र युक्रेनको शख्तर डोनेस्कले अन्तिम चारमा स्थान सुरक्षित गरे पछि समिकरण पुरा भएको हो। फाइनल प्रवेशका लागि अब शख्तरले इटालीको इन्टर मिलानसँग खेल्नेछ। अर्को खेलमा म्यान्चेस्टर युनाईटेड र सेभिया आमने सामने हुने छन्।

युक्रेनको साखतर डोनेक्स युरोपा लिग फुटबलको सेमिफाइनलमा स्थान बनाउन सफल भयो। मंगलबार राति भएको खेलमा स्विट्जरल्याण्डको क्लब बसेललाई ४-१ को फराकिलो अन्तरले हराउँदै साखतरले सेमिफाइनल पक्का गरेको हो।

खेलको अधिकांस समय बल आफ्नो नियन्त्रणमा राखेको साख्तरलाई जिताउन जुनियर मोराइस, टाइसन, एलन प्याट्रिक र डोमिल्सोन डस सान्तोसले गोल गरे। बसेलका रिक्की भानले एक गोल फर्काए।

जर्मनीमा भएको खेलमा साख्तरले खेलको दोस्रो मिनेटबाटै बसेलको पोस्टमा धावा बोल्न थाल्यो। दोस्रो मिनेटमा मोराइसले हेडर गोल गर्दै साख्तरलाई १-० को अग्रता दिलाए। २२औं मिनेटमा टाइसनले अग्रता दोब्बर बनाए। पहिलो हाफमा २-० को अग्रता बनाएको साख्तरले दोस्रो हाफमा थप दुई गोल गऱ्यो। ७४औं मिनेटमा प्याट्रिकले पेनाल्टीमार्फत गोल गर्दै साख्तरलाई ३-० ले अघि बढाए। साख्तर यतिमै रोकिएन, ८८औं मिनेटमा उसका डोमिल्सोनले गोल गर्दै खेललाई ४-० को अबस्थामा पुऱ्याए। बसेलका रिक्की भानले अतिरित्त समयमा सान्त्वना गोल फर्काए।

यस्तै, मंगलबार राति नै इङ्गल्याण्डको वुल्भ्सलाई पराजित गर्दै सेभिल्ला युरोपा लिग फुटबलको सेमिफाइनलमा स्थान बनाउन सफल भयो। युरोपाको सफल क्लब स्पेनको सेभियाले उल्भ्सलाई १-० ले पराजित गर्दै सेमिफाइनलमा स्थान बनाएको हो। यो सहित सेभिल्ला युरोपा लिगमा ७ पटक सेमिफाइनल पुगेको छ भने अहिलेसम्म ५ पटक उपाधि उचालेको छ। सेभिल्लालाई अन्तिम चारमा पुऱ्याउन उसका लुकास ओकाम्पसले गोल गरे। खेलको ८८ औं मिनेटमा ओकाम्पसले गरेका थिए। बराबरीतर्फ उन्मुख खेलको ८८ औं मिनेटमा इभर बनेगाले एउटा आकर्षक अवसर सृजना गरे जसलाई ओकाम्पसले हेडरमार्फत होल गर्न सफल बने।

त्यसअघि खेलको १३ औं मिनेटमा वुल्भ्सले प्राप्त गरेको पेनाल्टीलाई स्ट्राईकर राउल जिमिनेज गोलगर्नबाट चुकेका थिए। हारसँगै ४८ बर्षपछि प्रतियोगिताको क्वाटरफाइनलमा स्थान बनाएको वुल्भ्स बाहिरियो।




# बंगलादेशले श्रीलंकामा टेस्ट सिरिज खेल्ने

**ढाका, एजेन्सी–** बंगलादेशले तीन टेस्ट म्याचको सिरिज श्रीलंकासँग खेलने भएको छ। बंगलादेश क्रिकेट बोर्डले श्रीलंकासँगको सिरिज फिक्स भएको जनाएको छ।

त्यसका लागि बंगलादेशको टिम सेप्टेम्बरको अन्तिम साता कोलम्बो जाने छ। ६ वर्ष पछि बंगलादेशले पहिलो पटक तीन वटा म्याचको टेस्ट सिरिज खेल्न लागेको हो।



पहिलो टेस्ट अक्टोबर २४ तारिखदेखि शुरुहुने छ। बंगलादेशको टिम श्रीलंका पुगेपछि १४ दिन क्वारेन्टिनम पनि बस्ने छ। बंगलादेश क्रिकेट बोर्डले श्रीलंकालाई तीन वटा टी २० का लागि पनि आग्रह गरेको छ। तर यस विषयमा भने निर्णय नभएको जनाइएको छ।

यदि तीन वटा टी २० म्याच भएमा बंगलादेशका पूर्व कप्तान शाकिब अल हसनले अन्तर ाष्ट्रिय प्रतियोगितामा कमब्याक गर्ने छन्। उनी आईसीसीको एक वर्षे प्रतिबन्धमा छन्। उनको प्रतिबन्ध अक्टोबर २९ तारिखमा सकिने छ।

# युभेन्टसमा ब्यापक परिवर्तन!

आश्चार्यजनक रुपमा युभेन्टस्को मुख्य प्रशिक्षक बनेका आन्द्रे पिर्लोले नयाँ सिजनकालागि टिममा परिवर्तनको काम सुरु गरेका छन्।

माउरीजियो सारी बर्खास्त गरेपछि पिर्लोलाई युभेन्टसले प्रशिक्षकमा नियुक्त गरेको थियो। इटालीयन च्याम्पियन युभेन्टसले पिर्लोलाई पहिलो पटक शीर्ष टिमको प्रशिक्षणको जिम्मा दिँदा धेरैले चाँसोको रुपमा हेरिएको छ।

तर पिर्लोले आफ्नो गर्नुपर्ने कामलाई सुरु गरिसकेका छन्। टुरिनमा रहेको पत्रिका टुटोस्पोर्टसले जनाएअनुसार पिर्लोले टिमका केहि खेलाडीलाई हटाउने तयारी गरेको बताइएको छ। उनी आफ्नो टिमलाई नयाँ स्वरुपमा अगाडी बढाउने भन्दै सात खेलाडीलाई अहिलेको टिमबाट निकाल्ने योजनामा पुगेका छन्।

उनले हटाउने सूचमिा सामी खिदेरा, गञ्जालो हिगुइन, माटिया डी, डुग्लास कोष्टा, ब्लेइसी मातुइदी, एलेक्स सान्द्रो, डानीली रुगानी र आरोन राम्से रहेको बताइएको छ। यसमा हिगुइनलाई पहिलो चरणमा नै पठाउने बताएको छ। उनी पछिल्लो पटक डीसी युनाईटेड र रिभर प्लेटमा जाने चर्चा भइरहेको छ। यस्तै मतुइदी पनि डेविड बेकह्यामको इन्टर मायामीमा जाने सम्भावना रहेको छ।

नयाँ सिजनका लागि रोनाल्डोलाई भने उनले राख्ने बताएका छन। टिममा नयाँ खेलाडी राउल जिमिनेज, अर्कादिउज मिलिक, इडेन जेको र एलेजान्द्रे लाकेजेटीलाई ल्याउने संभावना रहेको बताइएको छ। यस्तै पिर्लोले आफ्नो टेक्निकल टिमपनि परिवर्तन गर्ने भएका छन्। रोबेर्टो बारोनियालाई सहायक प्रशिक्षक बनाइएको छ।

# भदौ १६ देखि हवाई सेवा संचालन नगरे आन्दोलन गर्ने चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ साउन

सरकारले आगामी भदौ १६ देखि पनि नियमित हवाई सेवा सञ्चालन नगरे आन्दोलन गर्ने चेतावनी व्यवसायीले दिएका छन् । सरकारले भदौ १ देखि नै नियमित हवाई सेवा सञ्चालन गर्ने निर्णय गरेको थियो ।

तर, देशभर कोरोना संक्रमणको संख्या बढ्दै गएपछि पुनः भदौ १५ सम्मका लागि हवाई सेवामा प्रतिबन्ध लगाइएको छ । प्रतिबन्धको समय बढाइएपछि वायुसेवा सञ्चालक संघ, नेपालले भदौ १६ देखि पनि हवाई सेवा सुचारु नगरिए आन्दोलन गर्ने चेतावनी दिएको हो ।

सरकारले भदौ १ देखि नै सञ्चालन गर्न दिने भनेर गरेको निर्णयसँगै हवाई सेवा प्रदायकले सञ्चालनको तयारी गरेको थिए । अब भदौ १५ गतेसम्मका लागि



रोकिएको छ । विज्ञप्ति जारी गर्दै संघका अध्यक्ष रामेश्वर थापाले अब पनि विमान सेवा सञ्चालन नगरिए बन्द गर्नुपर्ने अवस्था आउने बताए ।

'हवाई सेवा उद्योगलाई तत्कालै सञ्चालनमा नल्याउने हो भने सेवा नै बन्द हुन जाने भएकाले भदौ १६ देखि हवाई सेवा पुनः सञ्चालन नभएमा बाध्यतावश हामी आन्दोलित हुने अवस्था सिर्जना हुनेछ,' विज्ञप्तिमा भनिएको छ ।

आन्तरिक वायुसेवा प्रयोग गर्दैमा संक्रमण नफैलिने भन्दै संघले यदि सरकारबाट संक्रमण परीक्षण गर्न चाहेको खण्डमा एउटै ठाउँमा सम्भव हुने जनाएको छ । कोभिड-१९ का कारण लामो समयदेखि हवाई सेवा उद्योग बन्द हुँदा यो उद्योगमा आश्रित परिवारको रोजीरोटी नै बन्द हुने अवस्थाका साथै उद्योग पनि बन्द हुने अवस्था सिर्जना भएको संघले जनाएको छ ।

सरकारले भदौ १ देखि नियमित रुपमा हवाई सेवा सञ्चालन गर्ने निर्णय यसअघि गर्दा वायुसेवा सञ्चालकले टिकट बुकिङ गरिसकेका थिए भने विभिन्न ट्राभल कम्पनीहरुले आन्तरिक पर्यटन प्रर्वद्धन गर्न विभिन्न प्याकेज पनि सार्वजनिक गरिसकेका थिए । पछिल्लो समय नेपालमा प्रतिदिन कोरोना संक्रमित थपिँदा सटडाउनसमेत घोषणा गरिसकेको छ । भदौ १ गतेदेखि संचालन हुने भनिएको हवाई सेवा र लामो दुरीको सार्वजनिक यातायात सेवासमेतको अवधि थपेर भदौ १५ गतेसम्मका लागि सारेको छ । जसका कारण हवाई यातायात संचालकहरुले आन्दोलन गर्नुपर्ने चेतावनि दिएका छन् । सरकारले लकडाउनको अन्त्य भएको घोषणा गरेपनि अझै विभिन्न सेवाहरु संचालनमा आउन सकेका छैनन ।

## सुनको मूल्य एकैदिन ६ हजार २०० ले घट्यो
### अन्तररष्ट्रिय बजारमा प्रतिऔंस २ प्रतिशतको ह्रास

**काठमाडौं/मस**–नेपाली बजारमा बुधबार पहेँलो धातुको मूल्यमा भारी गिरावट आएको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बुधबार सुनको मूल्य प्रतितोला रु छ हजार २०० ले घटेको छ ।



महासङ्घले बुधबारका लागि छापावाला सुनको मूल्य प्रतितोला रु ९५ हजार ४०० र तेजाबी सुनको मूल्य प्रतितोला रु ९४ हजार ९०० तोकेको छ । यस्तै चाँदीको मूल्यमा पनि गिरावट आएको छ । चाँदीको मूल्य पनि प्रतितोला रु २२५ ले घटेको छ । बुधबारका लागि चाँदीको मूल्य प्रतितोला रु एक हजार २१० निर्धारण गरिएको छ ।

मङ्गलबार छापावाला सुनको मूल्य प्रतितोला रु एक लाख एक हजार ६०० र तेजाबी सुनको मूल्य प्रतितोला रु एक लाख एक हजार पुगेको थियो । मङ्गलबार पनि सुनको मूल्य प्रतितोला रु ८०० ले घटेको थियो ।

अन्तरराष्ट्रिय बजारमा पनि पहेँलो धातुको मूल्यमा गिरावट आएको छ । प्रतिऔंस दुई हजार डलर नाघेको सुनको मूल्य बुधबार विश्वबजारमा प्रतिऔंस २ प्रतिशतले घटेर एक हजार ८९०.५५ डलरमा झरेको छ । महासङ्घका अध्यक्ष मोहनकुमार सुनारले अन्तरराष्ट्रिय बजारमै मूल्य घटेकाले नेपालमा पनि सुनको मूल्य ओरालो लागेको बताए । विश्वबजारमा सुनको भाउ घट्नाका कारणबारे आफूले अध्ययन गरिरहेको उनको भनाइ थियो ।

## टुर एण्ड ट्राभल्स एजेन्सी सञ्चालकलाई स्वास्थ्य प्रोटोकल प्रशिक्षण

**काठमाडौं/मस**–कोभिड-१९ जोखिमका समयमा पनि सञ्चालनको तयारीमा जुटेका टुर एण्ड ट्राभल्स एजेन्सी सञ्चालकलाई नेपाल टुर एण्ड ट्राभल्स एसोसिएशन (नाट्टा) गण्डकीले स्वास्थ्य सुरक्षा सचेतनासम्बन्धी प्रशिक्षण दिएको छ । नाट्टा गण्डकीको आयोजना र नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको प्रवर्द्धनमा सञ्चालित तालीमलाई तीन चरणमा विभाजन गरेर १२० जनालाई सहभागी गराइएको संस्थाका महासचिव कमला गिरीले जानकारी दिईन ।

बन्दाबन्दी खुलेसँगै सञ्चालनको तयारीमा जुटेका सञ्चालकलाई नेपाल सरकारले जारी गरेको स्वास्थ्य प्रोटोकलसम्बन्धी विधि र प्रक्रियाका बारेमा जानकारी दिन तालीमको आयोजना गरिएको संयोजक एवं सचिव सङ्गीता पौडेलले जानकारी दिईन । प्रशिक्षणमा सम्बन्धित क्षेत्रका व्यवसायीलाई गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका प्रवक्ता नवराज शर्मा र विश्व स्वास्थ्य सङ्गठनका गण्डकी प्रदेशका प्रतिनिधि डा राजीव लालचनले स्वास्थ्य सचेतनासम्बन्धी प्रशिक्षण दिनुभएको थियो भने पर्यटन व्यवसायी समिर बरालले कोभिड-१९ ले पर्यटन क्षेत्रमा पारेको प्रभावका बारेमा प्रस्तुति राखेका थिए ।

संस्थाका अध्यक्ष सञ्जयकान्त सिग्देलले पर्यटन क्षेत्रसम्बद्ध टुर एण्ड ट्राभल्स एजेन्सी सञ्चालक र कर्मचारीलाई प्रदान गरिएको स्वास्थ्य प्रोटोकलसम्बन्धी सचेतनाले कोरोनाको जोखिम न्यूनीकरणमा भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

उनका अनुसार हाल संस्थामा आबद्ध ट्राभल्स एजेन्सी १८१ र पर्यटक यातायात व्यवसायी ८६ छन् । त्यस्तै ट्राभल्स एजेन्सीमा एक हजार १२ तथा यातायाततर्फ ६५३ जनाले रोजगारी प्राप्त गरेका छन् ।

## सिद्धार्थ बैंकद्वारा सरकारको कोरोना कोषलाई २ करोड ६७ लाख सहयोग





**काठमाडौं/मस**-सिद्धार्थ बैंकले बुधबार आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रहेको रु २,६७,२७,९२९ ९दुई करोड सतसट्ठी लाख सत्ताइस हजार नौ सय उनन्तिस० रकम नेपाल सरकारको कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषलाई हस्तान्तरण गरेको छ । उक्त रकम बुधबार अर्थ मन्त्रालयमा आयोजित एक समारोहका बीच बैंकका अध्यक्ष मनोज कुमार केडियाले अर्थमन्त्री डा. युवराज खतिवडालाई हस्तान्तरण गरेका हुन् । उक्त अवसरमा अर्थमन्त्री डा. खतिवडाले बैंकलाई धन्यवाद ज्ञापन गर्दै बैंकको तर्फबाट प्रदान गरिएको यो सहयोग नै हालको परिस्थितिमा संस्थागत सामाजिक उत्तरदायित्वको सबैभन्दा राम्रो उदाहरण भएको बताउँदै प्राप्त रकमको सरकारले कोरोना रोकथाम एवं नियन्त्रणको काममा नै सदुपयोग गर्ने बताए । यस अघि पनि बैंकले प्रदेश सरकार तथा विभिन्न स्थनीय तहलाई गरी रु ७६,२४,६२० ९छयहत्तर लाख चौबिस हजार छ सय बिस० सहयोग प्रदान गरिसकेको छ । यसरी कोरोना भाइरस संक्रमण रोकथाममा बैंकले हालसम्म कुल रु ३,४३,५२,५४९ ९तिन करोड त्रिचालीस लाख बाउन्न हजार पाँच सय उनन्चास० सहयोग प्रदान गरेका छ । यसरी प्रदान गरिएको रकमबाट कोरोना भाइरस संक्रमण रोकथाम तथा उपचारकाका लागि ठूलो सघाउ पुग्ने बैंकले विश्वास लिएको छ । हालको प्रतिकुल परिस्थितिमा सरकारले तोकेको स्वास्थ सम्बन्धी मापदण्ड अनुरुप बैंकले स्थानीय अधिकारी एवं सरकारका अन्य विभिन्न निकायसंगको समन्वयमा विभिन्न शाखाहरुका साथै डिजिटल माध्यमबाट बैंकिङ्ग सेवा प्रदान गर्दै आईरहेको छ ।

## ग्लोबल आइएमई बैंकको नयाँ शाखा कपनमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**काठमाडौं/मस**–ग्लोबल आइएमई बैंकले बुधबार काठमाडौंको बूढानीलकण्ठ नगरपालिका वडा नं. १०, कपनमा नयाँ शाखा सञ्चालनमा ल्याएको छ । नयाँ शाखाको शुरुवातसँगै बैंकको शाखा कार्यालयहरुको संख्या २ सय ५९ पुगेको छ । ग्लोबल आइएमई बैंकले सबै क्षेत्र र वर्गसम्म बैंकिङ्ग सेवाको पहुँच पुर्याउने उद्देश्यका साथ ७१ वटा जिल्लामा फैलिएको २ सय ५९ शाखा सञ्जाल सहित २ सय ३५ एटिएम, ४० एक्सटेन्सन तथा राजश्व संकलन काउण्टर, २ सय १८ शाखा रहित बैंकिङ सेवा र ३ अन्तर्राष्ट्रिय प्रतिनिधि/सर्म्पक कार्यालय मार्फत सेवा प्रदान गरेको छ ।

## सानिमा माई हाईड्रोपावरको खुद नाफा ५९ प्रतिशतले बढ्यो




**काठमाडौं/मस**–गत आर्थिक वर्षको चौथो त्रैमासमा सानिमामाई हाइड्रोपावर लिमिटेडको खुद नाफा अघिल्लो वर्षभन्दा ५९ प्रतिशत बढी भएको छ ।

साउन २८ गते सार्वजनिक गरेको गत वर्षको चौंथो त्रैमासको वित्तीय विवरण अनुसार कम्पनीले रू. ३६ करोड ८३ लाख ८४ हजार खुद नाफा गरेको छ ।

यो नाफा अघिल्लो वर्ष सोहि अवधिमा रू. २३ करोड १२ लाख १८ हजार थियो । अघिल्लो वर्षभन्दा गत वर्ष विद्युत विक्री आम्दानी बढी भएकाले नाफा बढेको हो ।

अघिल्लो वर्ष रू. ७२ करोड ५० लाख ८२ हजार विद्युत विक्रीबाट आम्दानी गरेको कम्पनीले गत वर्ष रू. ८६ करोड ७ लाख ८४ हजार यो आमदानी गरेको हो । विद्युत विक्री आम्दानी १८ दशमलव ७१ प्रतिशत बढी भएको छ ।

१० प्रतिशत बोनस शेयर मार्फत चुक्तापूँजी बढाएर रू. २ अर्ब ५५ करोड ३१ लाख पुऱ्याएको कम्पनीको रिटर्न अर्निङ रू. ६५ करोड ६४ लाख ३४ हजार र अन्य जगेडामा रू. ३२ लाख ७४ हजार रहेको छ ।

गत आर्थिक वर्षको चौंथो त्रैमाससम्म कम्पनीको कुल सम्पत्ति रू. ५ अर्ब ४९ करोड १३ लाख ५५ हजार र कुल दायित्व रू. २ अर्ब २७ करोड ८५ लाख ४५ हजार छ । यस अवधिसम्म कम्पनीको प्रतिशेयर आम्दानी रू. १४ दशमलव ४३ र प्रतिशेयर नेटवर्थ रू. १२५ दशमलव ८४ रहेको छ ।

## सांग्रिला विकास बैंक र क्वेस्ट इन्टरनेशनल कलेजबीच सम्झौता

**काठमाडौं/मस**-सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र ललितपुर ग्वार्कोमा अवस्थित क्वेस्ट इन्टरनेसनल कलेजसँग बित्तिय क्षेत्रलाई आवश्यक मानब स्रोत निर्माण गर्ने उद्देश्यलाई टेवा पुऱ्याउन सहकार्य गर्ने सम्बन्धि समझदारी पत्रमा हस्ताक्षर भएको छ ।

क्वेस्ट इन्टरनेसनल कलेजका तर्फबाट कलेजका अध्यक्ष कोलिन किरण श्रेष्ठ र सांग्रिला डेभलपमेन्ट बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत सुयोग श्रेष्ठले सो समझदारी पत्रमा हस्ताक्षर गरे ।



पोखरा विश्वबिद्यालयबाट सन् २००९ मा स्वीकृति लिएर व्यवस्थापनका बिबिए, बिएचएम र एमबिएका कक्षा संचालन गर्दै आएको क्वेस्ट इन्टरनेसनल कलेजले व्यवस्थापनका बिबिए, बिएचएम र एमबिएका कक्षा संचालन गर्दै आएको छ र सात सय भन्दा वढी बिद्यार्थी अध्यनरत रहेको उक्त कलेजका विद्यार्थीहरुलाई आवश्यकता अनुसार सांग्रिला डेभलपमेन्ट बैंकले इन्टरनशिपको मौका पनि दिँदै आएको छ ।

उक्त समझदारी पत्रमा हस्ताक्षर भए पश्चात बैंकका कर्मचारीहरुले क्वेस्ट इन्टरनेसनल कलेजको कुनै पनि डिग्री कार्यक्रम तथा तालिममा सहभागी हुँदा बिशेष सुबिधा तथा अध्ययन शुल्कमा भारी छुट दिने व्यवस्था गरिएको छ । यो सहकार्यलाई मानब संसाधन विकासमा शिक्षा क्षेत्र, बित्तिय क्षेत्र, उद्योग तथा व्यवसाय बिच देखिएको ठुलो खाडल क्रमशः पुरिदै जाने अभियानको सुरुवाती कदमको रुपमा लिइएको छ ।

बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंक प्रतिको भरोसाले गर्दा मुलुकभर ९१ शाखा कार्यालयहरु, ३० एटिएम रहेको छ । साथै संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई यस बैंकले पालना गर्दै आएको छ ।




प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**